# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसभित्र हुने विविध संवेगात्मक क्रिया प्रतिक्रियालाई एक व्यक्तिले अर्को व्यक्ति साम् प्रकट गर्ने महत्त्वपूर्ण साधन नै भाषा हो । भाषा मानिसको जीवन पद्धतिलाई अगाडि बढाउने अपरिहार्य विषयवस्तुको रूपमा लिइन्छ । मानिसको जीवनपर्यन्त आवश्यक परिवर्तनशील साधन नै भाषा हो । भाषा मानवीय विचार र भावना साटासाट गर्ने मानवीय सामाजिक वस्तु हो । भाषिक सीपलाई अभिवृद्धि गर्ने महत्त्वपूर्ण साधन नै भाषा हो । भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई सदृढ बनाई मानिसलाई स्वावलम्बी नैतिकवान बनाई सामाजिक जीवनमा घट्ने विविध घटना कार्यहरूलाई बाधारहित बनाई आकर्षक बोलीद्वारा भावना, विचार, धारणा प्रकटका लागि घटनावर्णन क्षमताको अध्ययन गराउनु जरुरी रहेको छ (लामा, २०७४ : १) ।

भाषा मानवीय र सामाजिक वस्तु हो (अधिकारी, २०६९ : ४०) । यो विचार आदान प्रदानको महत्त्वपूर्ण माध्यम हो । भाषाका माध्यमले अरूद्वारा व्यक्त गरिएका विचार वा भावनालाई ग्रहण गर्नु आदान हो भने विचार वा भावनालाई प्रस्तुत गर्नु प्रदान हो । यही विचार विनियमको सर्वाधिक सरल र सुगम माध्यम भाषा हो । भाषा व्यक्तिका अपरिहार्य वस्तु हो । व्यक्ति भाषा कै चौघेरामा जन्मन्छ र त्यहीँ भाषिक वातावरणमा हुर्कंदै जान्छ । त्यही हुर्किने क्रम र उमेर वृद्धिको क्रमसँगै भाषा बुझ्ने र बोल्न अभ्यास विकसित हुँदै जान्छ । यसै क्रममा जीवनको भोगाइ सँगसँगै विविध घटनाहरू घटित हुने गर्दछ । मानिसको उमेर, सामाजिक सम्पर्क विस्तार हुँदै जाँदा विविध अनुभव, भावना, कुण्ठा, दुःख, हर्ष, खुसी जस्ता विविध विषयवस्तु मानसपटलमा जम्मा हुने गर्दछ । ती सबै समय, सन्दर्भअनुकुल लिखित र मौखिक रूपमा सिलसिलाबद्ध रूपमा अभिव्यक्ति गर्नु नै घटनावर्णन हो ।

भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, र लेखाइ सीपमध्ये लेखाइ सीप अभिव्यक्ति एक लिखित माध्यम हो (राई, २०७३ : ३) । मौखिक अभिव्यक्ति बोलाइ र लिखित अभिव्यक्ति लेखाइ विचार प्रकटीकरण हुन् । मौखिक अभिव्यक्ति ध्वन्यात्मक रूपमा प्रस्तुत गर्न सकिन्छ ।

यसमा दिमाग र उच्चारक अङ्गहरूको संलग्नता रहन्छ । लिखित अभिव्यक्ति दिमाग, आँखा, हातको त्रिकोणात्मक लेखन कार्य यान्त्रिक, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक हुन्छ । लिखित अभिव्यक्तिमा भाषिक शुद्धता र स्पष्टताको आवश्यकता पर्छ । लेखाइमा राम्रो अक्षर, सफा लेखाइ, विचारमा स्पष्टता र भाषिक शुद्धता आवश्यक नभई अनिवार्य पनि हुन्छ । लिखित घटनावर्णन अभिव्यक्तिलाई घटना स्मृति र वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ । घर वा छिमेकमा घटेका घटना र त्यसमा भएका अनुभवको लिखित अभिव्यक्ति दिन लगाउनाले लेखाइ सीपको विकास हुन पुग्छ ।

घटनावर्णन भनेको कुनै पनि विषयवस्तुमा घटेका घटना सिलसिलाबद्ध ढङ्गबाट सरल, सहज भाषाशैलीको प्रयोग गरी स्पष्ट रूपमा वर्णन नै घटनावर्णन हो । विद्यार्थीलाई वर्णनात्मक लेखन तथा मौखिक लेखनको सक्षमतातिर डोऱ्याउन लेखाइ र बोलाइका माध्यमबाट प्रस्तुत गर्नु घटनावर्णनको महत्त्वपूर्ण पक्ष हुन्छ । कुनै क्रियाकलाप वा कार्यसँग सम्बन्धित व्यावहारिक समस्यालाई भिन्न ढङ्गले चिरफार गर्दै अध्ययन गर्नु र उक्त समस्या समाधान उपाय समेत सुझाउन घटना अध्ययन हो । समय सन्दर्भ, वातावरण र परिस्थिति अनुरूप घटनाको व्याख्या, विश्लेषण गर्नु नै घटनावर्णन हो ।

कुनै पनि विधाबाट पढेका, सुनेका र मनमा उब्जेका विचारहरूलाई टिपोट नगर्दा विर्सिने डर हुन्छ । त्यसैले मौखिक अभिव्यक्तिमा रहेका सारभूत वा गाँठी कुरालाई सूत्रमा रूपमा टिपोट गर्नुपर्छ । मान्छेका मनमा उठ्ने विभिन्न प्रकारका भाव वा भावनाको यथासमयमा टिपोट गर्न नसक्दा ती अमूल्य विचार वा भावनाहरू विस्मृत हुन्छन् । विचारका उत्पत्तिलाई साकार रूप दिन घटनावर्णन क्षमता अध्ययन आवश्यक हुन्छ । त्यसैले लेखाइ सीपका विभिन्न क्रियाकलापहरूमध्ये घटनावर्णन पनि एक महत्त्वपूर्ण कार्यकलाप भएकाले कक्षा सातका विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्न आवश्यक देखिन्छ ।

## १.२ समस्या कथन

इलाम जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्नु नै शोधकार्यको प्रमुख समस्या हो । उक्त समस्यालाई मूल रूपमा लिई निम्न समस्यालाई आधार मानी गरिएको छ :

(क) इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमता कस्तो रहेको छ ?

(ख) विद्यालयको प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको घटनावर्णन क्षमता कस्तो रहेको छ ।

(ग) लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि अनुसन्धान गर्नुअघि यसको उद्देश्य तोकिनु पर्दछ । शोध समस्याले शोधार्थीलाई शीर्षकका मुख्य- मुख्य बाटो देखाउँछ भने उद्देश्यले ती समस्याहरूको समाधानको बाटो देखाउँछ । त्यसैले घटनावर्णन क्षमताको अध्ययनसँग सम्बन्धित शीर्षकमा रही शोधपत्रलाई लक्ष्यमा पुऱ्याउनका लागि निम्नानुसारका उद्देश्य उल्लेख गरिएको छ :

(क) इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्नु

(ख) उक्त विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्नु,

(ग) लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषिक सीप विकासअन्तर्गत भाषिक कला सीप विकासको लागि घटनावर्णन शिक्षण आवश्यक रहेको छ । थाहा पाएका ज्ञान, विचार, धारणा भावनालाई सिलसिलाबद्ध प्रसङ्ग अनुरूप अभिव्यक्त गर्न सक्ने क्षमता प्रदान गर्न भाषा शिक्षणअन्तर्गत घटनावर्णन शिक्षण गराउन आवश्यक रहेको छ । विद्यार्थीहरूको उमेर, तह, स्तरअनुरूप उनीहरूको अभिव्यक्ति गर्न सक्ने कला र सीपको विकासमा निर्क्योल गर्न घटनावर्णन क्षमताको अध्ययन गर्नु नै औचित्यपूर्ण रहेको छ । घटनावर्णन क्षमताको विविध तहमा अध्ययनरत विद्यार्थीको अध्ययन भइसकेको भए तापनि इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमतासम्बन्धी अध्ययन अहिलेसम्म नभएकाले गर्दा उक्त शीर्षकमा उक्त स्थानमा अध्ययन अनुसन्धान गर्नु सान्दर्भिक देखिन्छ ।

विद्यार्थीहरूको मौखिक तथा लिखित अभिव्यक्तिको परिष्कार र परिमार्जन गर्दै लैजानुका साथै उनीहरूमा मौखिक लेखन क्षमताको विकास गर्न सिर्जनशील बन्न सहयोग

गर्दै शुद्ध मानक स्तरको भाषा प्रयोग गर्न सहयोग पुऱ्याउने हुँदा नेपाली भाषाको प्रयोगकर्ता विद्यार्थी र शिक्षक आदिलाई यो अध्ययन उपयोगी देखिन्छ । आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूमा घटनावर्णन सङ्क्षेपीकरण विस्तृतीकरण, अनुच्छेद लेखन, कविता, निबन्ध, संवाद, एकाङ्कीबाट विद्यार्थीहरूमा घटनावर्णन क्षमताको विकास गर्न सकिने भएकाले यो अध्ययनबाट विद्यार्थीहरू मूलभूत कुराहरूको ज्ञान हुने र कमीकमजोरीहरू पत्ता लगाई सुझाव प्रस्तुत गरिने हुनाले यस अध्ययनको उपयोगिता भएको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधकार्य गर्नका लागि शोधअनुसन्धानको क्षेत्र व्यापक रहने भएकाले सम्पूर्ण विषयको अध्ययन अनुसन्धान गर्न सम्भव हुँदैन । तसर्थ अनुसन्धानको लागि निश्चित सीमाङ्कन गर्नु पर्दछ । प्रस्तुत अनुसन्धान कार्य घटनावर्णन क्षमतासँग सम्बन्धित भएकाले प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

ख) इलाम जिल्लाका पाँचओटा सामुदायिक र पाँचओटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

ग) इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

घ) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक अध्ययनमा सीमित गरिएको छ ।

ङ) प्रस्तुत अध्ययनको निष्कर्ष विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा गरिने व्याख्या विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.६ स्तर निर्धारण

यस अध्ययनमा प्रयोग गरिएका स्तर निर्धारणलाई यसप्रकार देखाइएको छ :

१. निम्न स्तर : ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने

२. मध्यम स्तर : ४०%-६०% अङ्क ल्याउने

३.	उत्तम स्तर- ६०%-८०% अङ्क ल्याउने

४.	अति उत्तम स्तर - ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने

## १.७ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षकको शोधपत्रलाई निम्नानुसार अध्यायमा विभाजन गरिन्छः

**अध्याय एक : शोधको परिचय**

यस अध्यायअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन र शोधपत्रको रूपरेखा उपशीर्षक राखी कार्य सम्पन्न गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको अध्ययन र अवधारणात्मक ढाँचा**

यस अध्ययनअन्तर्गत शीर्षकसँग सम्बन्धित पुस्तकको समीक्षा र शोधकार्यको समीक्षा तथा अवधारणात्मक ढाँचाअन्तर्गत घटनावर्णन क्षमताको परिचय, परिभाषा, घटनावर्णन क्षमताको अध्ययन प्रयोजन र आवश्यकता, भाषिक सीप र घटनावर्णन क्षमताको सम्बन्ध, घटनावर्णन क्षमता लेखन प्रक्रिया र विशेषताहरू समावेश गरिएको छ ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्ययनमा जनसङ्ख्या र नमुना छनोट, सामग्री सङ्कलन र निर्माण, पूर्व परीक्षण तथ्याङ्क सङ्कलन र विश्लेषण तथा निष्कर्षलाई समावेश गरिएको छ ।

**अध्याय चारः इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन**

**अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन**

**अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन**

यस क्रममा तथ्याङ्कको तालिकीकरणका आधारमा यसको व्याख्या तथा विश्लेषण गरिएको छ । जसअन्तर्गत विद्यार्थीको सक्रियता सिकाइ स्तर, छात्रछात्राको सिकाइ उपलब्धि तथा घटनावर्णन क्षमता पहिचान जस्ता उपशीर्षकहरू समावेश गरिएको छ ।

**अध्याय सात : निष्कर्ष उपयोगिता र सुझाव**

यस अध्ययनअन्तर्गत सारांश, निष्कर्ष, उपयोगिता र सुझाव शीर्षकभित्र आवश्यकता अनुसार उपशीर्षकहरू समावेश गरिएको छ ।

**सन्दर्भ सामग्री**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्य-दृश्य सामग्री पढेर वा सुनेर अध्ययन मनन गरेर तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वाध्ययन समीक्षाले अनुसन्धानलाई उपलब्धिमुलक बनाउनका साथै अनुसन्धानकर्तालाई आफ्नो गन्तव्यसम्म पुग्न सहज र सरल बनाउँछ । यहाँ विभिन्न अध्ययन पुस्तक र शोधपत्रहरूको अनुसन्धान कार्यलाई क्रमशः प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०६२) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा विद्यार्थीले दैनिक जीवनमा देखेका, जानेका, अनुभव, समाजमा हुने मेला, जात्रा, चाडपर्वहरूको आ-आफ्ना अनुभवलाई स्वतन्त्रतापूर्वक र क्रमबद्ध ढङ्गले वैयक्तिक मौलिकतासमेत दर्साइ व्यक्त गर्ने क्षमता विकास गर्ने महत्त्वपूर्ण कार्यकलाप घटनावर्णन हो भनिएको छ । विद्यार्थीहरूलाई अभिव्यक्ति सीपबाट आफूले देखेका सुनेका घटना वा विषयवस्तुमा आफ्नो विचारलाई सिलसिलाबद्ध तरिकाले प्रस्तुत गर्ने बानीको विकास गराउन सकिने छ भन्दै घटनावर्णन कार्यमा विद्यार्थीहरूलाई दक्ष बनाउनु पर्ने कुरा उल्लेख गरिएको छ । यस भनाइले विद्यार्थीको घटनावर्णन क्षमता जाँच्नमा थप बल पुऱ्याएको छ ।

ढुङ्गेल र दाहाल (२०६४) द्वारा लिखित 'नेपाली कथा र उपन्यास' नामक पुस्तकको अध्याय एकमा कुनै घटना, जीवनभोगाइ, अनुभव यात्रा अनुभवको वर्णनका आधारमा कथा निर्माण हुने कुरा उल्लेख गरिएको छ । व्यक्तिका मनोभावहरू समयक्रममा घटेका घटनाहरूको अन्वितिपूर्ण प्रस्तुतीले एउटा कथाको स्वरूप निर्माण गर्ने कुरा उल्लेख गरिएको छ । घटनाहरूलाई अन्वितिपूर्ण अभिव्यक्ति नै कथा भएकाले यस अध्ययनमा उक्त पुस्तक सान्दर्भिक रहेको छ ।

बराल र एटम (२०६६) द्वारा लिखित 'अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास' पुस्तकमा घटनावर्णन अन्तर्गत कुनै पनि देखेका, भोगेका अनुभव गरेका

घटनाहरूलाई क्रमबद्ध रूपमा घटनाको वर्णन गर्ने कुराहरू समावेश गरिने कुराहरू उल्लेख गरिएको छ । यसमा घटनावर्णन गर्ने तरिकाको उल्लेख गर्दै घटनावर्णनले विद्यार्थीहरूमा सिर्जनात्मक र स्वतन्त्र लेखन सीपको विकासका लागि सहयोग गर्ने कुरा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध गर्ने क्रममा आवश्यक पर्ने अवधारणा निर्माण गर्ने कुरामा सहयोग पुऱ्याएको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तक तयार पारिएको देखिन्छ । पुस्तकमा घटनावर्णनलाई चिनाउँदै विद्यार्थीलाई कक्षामा खास वस्तु चित्र वा घटना दिएर त्यसको वर्णन गर्न लगाउनु पर्ने कुरा उल्लेख गरिएको छ । साथै प्रत्येक विद्यार्थीहरूलाई भिन्न भिन्न घटना दिएर वर्णन गर्न लगाउनाले विद्यार्थीहरूको लेखाइ सीपको विकास हुँदै जान्छ । विद्यार्थीले देखेका सुनेका, मेला र चाडपर्व आदि घटनाको क्रमबद्ध रूपले वर्णन गर्न लगाउनाले लेखाइ सीपको विकास हुने भएकाले घटनावर्णन आवश्यक भएको कुरा समेत उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त पूर्वकार्यले घटनावर्णनसँग सम्बन्धित पक्षको वर्णन गर्नका लागि सहयोग पुऱ्याएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा लिखित 'नेपाली भाषा शिक्षणका सन्दर्भहरू' पुस्तकमा विद्यार्थीले आफ्नो जीवनका विभिन्न सन्दर्भमा भोगेका, अनुभव गरेका, देखेका, सुनेका र बेहोरेका विविध कुराहरूलाई आधार बनाई लिखित रूपमा वर्णन गर्न लगाउने कार्यकलापलाई अनुभव घटना तथा यात्रा वर्णन हो भन्ने कुरा उल्लेख गरिएको छ ।

अधिकारी (२०६९) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षण सम्बन्धी विधि र क्रियाकलापहरूको चर्चा गर्ने क्रममा घटनावर्णन तथा मौखिक प्रतिवेदन शिक्षण कार्यकलापसम्बन्धी पनि व्याख्या गरिएको छ । यस पूर्वकार्य सैद्धान्तिक र प्रायोगिक दुवै पक्षले महत्त्वपूर्ण रहेको छ । यस पूर्वकार्यमा घटनावर्णन क्षमता कसरी विकास गराउन सकिन्छ भन्ने कुरा मात्र उल्लेख गरिएको छ । मौखिक अभिव्यक्तिको विकास गराउन यसको महत्त्वपूर्ण पक्ष रहेको छ । घटनावर्णन क्षमताको अभ्यास गर्ने कार्यकलाप ठोस र परिभाषालाई यसले उल्लेख गर्न सकेको छैन भने विद्यार्थीको उमेर, क्षमता, रुचि, तह, इच्छा अनुरूपको घटनावर्णन शिक्षण कार्यकलापलाई तोक्न सकेको छैन् । यस पूर्वकार्य प्रस्तुत शोधकार्यसँग निकट रहेको छ । यहाँ घटनावर्णन क्षमता पहिचान गरी व्याख्या र विश्लेषण गर्न पूर्वकार्यको घटनावर्णनमा भएको चर्चाबाट लिन सकिन्छ । पूर्वकार्यको प्रस्तुत शोध

कार्यको लागि विद्यार्थीको घटनावर्णन क्षमता पहिचान गर्न, साधन निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा 'नेपाली भाषा शिक्षण' पुस्तकमा लेखन सीप विकासका लागि घटनावर्णनलाई महत्त्वपूर्ण क्रियाकलापका रूपमा लिइएको छ । यस कार्यकलापबाट कुनै पनि कुरालाई सोचेर, सम्झेर, कल्पेर सिलसिलाबद्ध रूपमा लेख्य भाषामा सङ्गठित गर्ने लेखाइको गति वृद्धि गर्ने र सिर्जनात्मक लेखन कलाको जग बसाल्न पुग्ने कुरा उल्लेख भएको पाइन्छ । उक्त सैद्धान्तिक अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा घटनावर्णनको अवधारणा तयार पार्ने कुरामा सहयोग पुऱ्याएको छ ।

गौतम र अन्य (२०७१) द्वारा लिखित 'स्नातक नेपाली' पुस्तकमा देखेका, सुनेका, अनुभव गरेका कुराहरूलाई क्रमबद्ध रूपमा वर्णन गर्नु नै घटनावर्णन हो भन्ने परिभाषा दिइएको छ । यसमा घटनावर्णन कसरी गर्ने भन्ने बारेमा पनि उल्लेख गरिएको छ । प्रस्तुत शोधकार्य विद्यार्थीहरूको घटनावर्णन क्षमतासँग सम्बन्धित रहेकाले उक्त पुस्तकमा भएको पूर्वकार्यले प्रस्तुत अध्ययन सम्पन्न गर्ने क्रममा घटनावर्णनको परिचय र विधिसम्बन्धी सैद्धान्तिक जानकारीका लागि सहयोग पुऱ्याएको छ ।

खनिया (२०७५) द्वारा लिखित 'नेपाली भाषा शिक्षण सिद्धान्त र प्रयोग' नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा वक्तृत्व कला शिक्षण क्रममा विद्यार्थीलाई अनुभव वर्णन गर्न लगाउन सकिन्छ । विद्यार्थीहरू जिज्ञासु र आफ्ना कुराहरू बताउन उत्सुक हुन्छन् । यस सन्दर्भमा व्यक्तिगत अनुभव सँगालेर राख्ने बानीको विकास हुन्छ । श्रोताले अनुभवको श्रवणबाट व्यवहार र जीवन शैलीमा परिवर्तन गर्न सक्दछन् । यसका लागि विद्यार्थीहरूमा प्रभावकारी वातावरणको आवश्यक पर्दछ । विद्यार्थीहरूले सन्दर्भअनुसार आफ्ना अनुभव प्रस्ट रूपमा अभिव्यक्त गर्न सक्ने क्षमतालाई मध्यनजर गरी सिकाइको वातावरण सिर्जना गर्नुपर्दछ र सिकाइप्रति उनीहरूलाई प्रोत्साहित गर्नुपर्दछ ।

### २.१.२ शोध समीक्षा

पुन (२०७३) द्वारा 'रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा सामुदायिक र संस्थागत तथा लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ । रुकुम जिल्लाका पाँचओटा सामुदायिक र पाँचओटा संस्थागत गरी दशओटा

विद्यालयका १०० जना विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको यस शोधकार्यमा विद्यालयको प्रकृतिका आधारमा संस्थागत भन्दा सामुदायिक र लैङ्गिकताका आधारमा छात्राभन्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो भने समग्रमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमता सन्तोषजनक नै रहेको निष्कर्ष निकालिएको छ । पूर्वकार्यमा प्राप्त तथ्याङ्कलाई प्रतिशत र मध्यमानको आधारमा विश्लेषण गरिएको छ । मानक विचनलको प्रोग गरिएको छैन भने यसको निष्कर्ष स्पष्ट रहेको छैन । बुँदाटिपोट लेखन कला सीपमा आधारित हुनाले घटनावर्णन पनि यसैअन्तर्गत पर्ने र मेल खाने भएकाले शोधकार्य पूर्वकार्यसँग सम्बन्धित रहेको छ । यस अनुसन्धान कार्यले शीर्षक, कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्न रहेको पूर्वकार्यबाट सामग्री सङ्कलन र विश्लेषण प्रक्रियामा केही सहयोग गर्ने अपेक्षा राखिएको छ ।

भण्डारी (२०७३), द्वारा 'कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमता' शीर्षक शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा वस्तुवर्णन क्षमता पहिल्याउने उद्देश्य रहेको छ । पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयका १०० जना विद्यार्थीमा सीमित गरी सामग्री सङ्कलन गरिएको छ । यस शोधपत्रमा छात्राभन्दा छात्रा, सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीको वस्तुवर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसमा प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ । र मानक विचलनका आधारमा गरिएको छैन् । घटनावर्णन क्षमतामा आधारित शोधकार्य वर्णन क्षमता पहिचानसँग निकट भएकाले समग्र अध्ययनको विश्लेषण गरी निष्कर्षमा पुग्न सहयोग प्रदान गर्दछ ।

राई (२०७३) द्वारा 'इलाम जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा इलाम जिल्लाको समग्र विद्यार्थीको प्रकृतिको आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताका आधारमा घटनावर्णन क्षमताको अध्ययन गर्नु उद्देश्य रहेका छन् । पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयका १०० जना विद्यार्थीमा सीमित गरी विश्लेषण गरिएको उक्त शोधकार्यमा सामुदायिकभन्दा संस्थागत, नेपाली दोस्रो भाषीभन्दा नेपाली पहिलो भाषी र छात्रभन्दा छात्राको घटनावर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । घटनावर्णन क्षमताकै अध्ययनमा आधारित शोधकार्य उक्त शोधपत्रसँग निकट र सम्बन्धित भए तापनि कक्षा र अध्ययन क्षेत्रका आधारमा यो अध्ययन फरक रहेको

छ । उक्त शोधपत्रबाट सामग्री सङ्कलन, विश्लेषण र निष्कर्षमा पुग्न सहयोग प्राप्त भएको छ र समग्रमा शोधपत्रको अवधारणा प्रस्तुत गर्नका लागि सहयोग गर्ने अपेक्षा रहेको छ ।

राई (२०७३) द्वारा 'खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको पहिचान गर्नु, लैङ्गिकताको आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र विद्यालयको प्रकृतिको आधारमा घटनावर्णन क्षमताको स्थिति पहिल्याउनु उद्देश्य रहेको छ । तिन सामुदायिक र तिन संस्थागत विद्यालयका जम्मा ९६ जना विद्यार्थीबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको शोधकार्यका दोस्रोभाषी भन्दा मातृभाषी, छात्रभन्दा छात्रा, सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ भने मध्यमान, मानक विचलन र प्रतिशत, स्तम्भ चित्रको आधारमा विश्लेषण गारिएको छ । घटनावर्णन क्षमताकै आधारमा आधारित शोधकार्य पूर्वकार्यसँग निकट भए तापनि कक्षा र अध्ययन क्षेत्रका आधारमा फरक रहेको छ समग्रमा शोधपत्रको अवधारणा प्रस्तुत गर्नका लागि यस शोधले सहयोग गर्ने अपेक्षा राखिएको छ ।

राई (२०७३) द्वारा 'ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीको चित्रवर्णन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा तुलनात्मक विश्लेषण गर्नु उद्देश्य रहेका छन् । १०० जना विद्यार्थीबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको शोधकार्यमा समग्र ललितपुर जिल्लाको विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको र संस्थागत भन्दा सामुदायिक र छात्रभन्दा छात्राको चित्रवर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसमा प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरी स्तम्भरेखाचित्रमा देखाइएको छ । घटनावर्णन क्षमतामा आधारित शोधकार्य पूर्वकार्यसँग सम्बन्धित भए तापनि समग्र अध्ययनमा मार्गनिर्देशन प्रदान गर्ने अपेक्षा रहेको छ ।

शर्मा (२०७३) द्वारा 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्याथीको घटनावर्णन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य कक्षा

आठमा अध्ययन विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको घटनावर्णन अध्ययन गर्नु रहेको छ । उक्त शोधमा क्षेत्रीय विधिको उपयोग गरिएको पाइन्छ । विद्यालय प्रकृतिका आधारमा तुलना गर्दा सामुदायिक र संस्थागत गरी आठ ओटा विद्यालयका ८० जना विद्यार्थीमा सीमित गरी सामग्री सङ्कलन र विश्लेषण गरिएको छ । उक्त शोधकार्यमा सामुदायिकभन्दा संस्थागत, छात्रभन्दा छात्रा नेपाली पहिलो भाषीभन्दा नेपाली दोस्रो भाषी विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । बाँके जिल्लाकै घटनावर्णन क्षमतामा एकरूपता नभएकाले धेरै आभ्यासिक कार्यमा जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ । घटनावर्णन क्षमताकै अध्ययनमा शोधकार्य भएकाले उक्त पूर्वकार्यसँग सम्बन्धित भए तापनि कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्न हुने छ । यस शोधबाट सामग्री सङ्कलन र तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्न केही आधार भएको छ ।

सोमै (२०७३), द्वारा ‘कपिलवस्तु जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमता’ शीर्षकमा तयार पारिएको छ । यस शोधपत्रमा विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिकताको आधारमा कपिलवस्तु जिल्लाका विद्यार्थीको चित्रवर्णन क्षमताको पहिचान गर्नु उद्देश्य रहेका छन् । १०० जना विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । यस शोधकार्यमा संस्थागतभन्दा सामुदायिक र छात्राको तुलनामा छात्रको चित्रवर्णन क्षमता राम्रो रहेको पाइयो भने समग्र विद्यार्थीहरूको मध्यमानका आधारमा चित्रवर्णन क्षमता केही कमजोर रहेको निष्कर्ष निकालिएको पाइयो । यस शोधकार्यमा सङ्कलित तथ्याङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा निष्कर्ष निकालिएको छ । शोत्रपत्रको अध्ययन चित्रवर्णन क्षमतासँग निकट भएकाले अध्ययनीय शोधसँग सम्बन्धित रहेको छ । शोधपत्रमा चित्रवर्णन क्षमतालाई सर्वोपरी ठानेर अध्ययन गरिएको छ भने यस शोधले घटनावर्णन क्षमताको भिन्न क्षेत्रको अध्ययन गर्ने भएकाले यो शीर्षक भिन्न किसिमको रहेको छ । समग्रमा शोधपत्रको अवधारणा प्रस्तुत गर्नका लागि उक्त शोधपत्रले सहयोग गर्ने अपेक्षा रहेको छ ।

लामा (२०७४) द्वारा ‘कक्षा दशमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन’ शीर्षकमा शोधपत्र तयार परिएको छ । उक्त अध्ययनका उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन गर्नु, प्रकृतिका आधारमा, भाषिक

पृष्ठभूमिका आधारमा, लैङ्गिकताका आधारमा विद्यार्थीको घटनावर्णन क्षमता अध्ययन गर्नु रहेको पाइन्छ । उक्त शोधपत्रमा क्षेत्रीय सर्वेक्षण विधिको प्रयोग मुख्य रूपमा पाइन्छ । यसैगरी उद्देश्यअनुरूप विद्यालयको प्रकृतिका आधारमा संस्थागत भन्दा सामुदायिक विद्यालयको घटनावर्णन क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा सामुदायिक विद्यालयको नेपाली मातृभाषी विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो देखियो भने दोस्रो भाषीअन्तर्गत संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी लैङ्गिकताका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमतालाई हेर्दा प्रतिशत र मध्यमानका आधारमा छात्रभन्दा छात्रा राम्रो रहेको पाइन्छ । समग्रमा यस शोधको निष्कर्षलाई हेर्दा विद्यार्थीहरूको घटनावर्णन क्षमता प्रतिशतका आधारमा उत्तम र मध्यमानका आधारमा कमजोर रहेको पाइन्छ । तसर्थ शिक्षकले सबै विद्यार्थीको रुचि, इच्छा र आवश्यकतालाई वृद्धि गर्न प्रशस्त अभ्यास गराउनु पर्ने सुझावलाई उक्त शोधले प्रस्तुत गरेको पाइन्छ । त्यसैकारण प्रस्तुत शोधका लागि उक्त शोधपत्र सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

यसरी हेर्दा उपर्युक्त पाठ्यपुस्तकका अतिरिक्त शोधपत्रलाई हेर्दा लेखन सीप विकाससँग सम्बन्धित अध्ययन अनुसन्धान जेजति भएका छन् ती सबै सम्मान गर्न लायक र सहयोग पुग्ने खालका छन् । लेखाइ सीपका विभिन्न कार्यकलापहरूमध्ये घटनावर्णन क्षमताको अध्ययन न्यून रहेको पाइयो । त्यसैले इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनवर्णन क्षमताको अध्ययन शीर्षकमा शोधकार्य गर्नु उपर्युक्त र सान्दर्भिक हुने ठानिएको छ ।

## २.२ अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि घटनावर्णनसम्बन्धी अवधारणाहरूलाई प्रस्ट पार्नुपर्ने हुनाले तिनलाई क्रमशः उल्लेख गरिएको छ :

### २.२.१ परिचय

घटनावर्णन एक अभिव्यक्तिगत विधा हो । घटनावर्णन मानिसले देखेका, सुनेका, अनुभव गरेका कुराहरू, चाडपर्व यात्रा गराइ, समूहगत रूपमा गरिएको भ्रमण कुनै तालिम, गोष्ठी सेमिनार आदि विषयवस्तुका आधारमा भएका घटनालाई शृङ्खलाबद्ध रूपमा वर्णन

गर्नु नै घटनावर्णन हो । घटनावर्णनलाई स्पष्ट पार्नका लागि विभिन्न व्यक्तिहरूले आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् ।

मानव जीवनको अमूल्य सम्पत्ति नै भाषा हो । भाषाबाट नै व्यक्तिले एक आपसमा आफ्ना व्यवहारहरू सञ्चालन गरेका छन् । त्यसैले भाषा विचार विनिमयको माध्यम हो । सिर्जनात्मक क्षमताअन्तर्गत पर्ने घटनावर्णन कार्य भाषिक अभिव्यक्तिको महत्त्वपूर्ण कला हो । भाषिक विविधता र बहुभाषिकता नेपालको विशेषता हो (भट्टराई, २०७३: २१) । घटनावर्णन क्षमता लेखाइ र बोलाइ सीपसँग सम्बन्धित छ । भाषाकै माध्यमबाट कुनै पनि विषयवस्तुमा घटेका घटनालाई समयक्रम अनुरूप सिलसिलाबद्ध रूपमा सरल सहज भाषा शैलीको प्रयोग गरी स्पष्ट रूपमा वर्णन गर्नु घटनावर्णन हो । मानिसको जीवनमा घटित हुने जीवन, भोगाई, यात्रा, देखेका, भोगेका विषयलाई लिखित, मौखिक तरिकाले अभिव्यक्ति गर्न सक्ने बनाई सिर्जनात्मक क्षमतालाई सुदृढ गर्ने महत्त्वपूर्ण कार्यकलाप लिखित घटनावर्णन हो । भाषिक जानकारी र प्रस्तुतीकरणमा निचोड दिन सक्ने बनाउका लागि पाठ्यपुस्तकमा विविध विधाका माध्यमबाट समावेश गरिएको छ । भाषिक व्यवस्थाको प्रयोगात्मक अभ्यास, सिर्जनात्मक कार्यहरूको छनोट र प्रयोगलाई विद्यार्थीमा पूर्णता ल्याउन कठिन हुने हुँदा घटनावर्णनले सहयोग पुऱ्याउँछ ।

कुनै क्रियाकलाप वा कार्यसँग सम्बन्धित व्यावहारिक समस्याहरूलाई विभिन्न ढङ्गले चिरफार गर्दै अध्ययन गरी उक्त समस्या समाधानका उपायसमेत सुझाउनु घटना अध्ययन हो । समस्या समाधान अनुभव आदान, प्रदान, घटना अध्ययन लगायतका गर्दै सिक्दै जाने विधिहरू विद्यार्थीको क्षमता विकासमा महत्त्वपूर्ण हुने गर्दछ । विद्यार्थीमा घटनावर्णन क्षमता विकास गरी विद्यार्थीको मौखिक, लिखित, सिर्जनात्मक अभिव्यक्तिलाई सिलसिलाबद्ध, प्रासङ्गिक र आकर्षक ढङ्गले प्रस्तुत गर्न मद्दत गर्दछ ।

### २.२.२ भाषिक सीप र घटनावर्णनको सम्बन्ध

भाषालाई विषयवस्तु बुझ्ने र व्यक्त गर्ने माध्यमको रूपमा लिइन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार ओटा सीपहरू रहेका छन् । यिनलाई भाषिक सीप भन्ने गरिन्छ । अभ्यासद्वारा प्राप्त हुने भाषिक क्रियाकलापलाई सीप भनिन्छ । घटनावर्णन पनि भाषिक सीपअन्तर्गत पर्ने एउटा क्रियाकलाप भएकाले यी चारै वटा भाषिक सीपको सम्बन्धलाई यसरी देखाउन सकिन्छ :

### २.२.२.१ **सुनाइ सीपसँग सम्बन्ध**

कुनै व्यक्तिले बोलेको वा पाठ्यसामग्रीलाई मौखिक रूपमा प्रस्तुत गरेको सुनेर बुझ्नुलाई सुनाइ सीप भनिन्छ । भाषाका चारवटा सीपहरूमध्ये यो पहिलो र महत्त्वपूर्ण सीप हो । सुनाइका माध्यमबाट अन्य सीपहरूको विकास हुन्छ । भाषा शिक्षण कार्यकलाप पनि यसैबाट सुरु हुने गर्दछ । भाषाको बोध र अभिव्यक्ति पक्षमध्ये सुनाइ सीप बोध पक्षसँग सम्बन्धित रहेको छ (पौडेल, २०७०: ३१) । घटनावर्णनमा सुनेका घटनालाई आफ्नो तरिकाले वर्णन गर्ने गरिन्छ । सुनेका घटना यात्रा गराई कुनै रमणीय स्थलमा समुहगत रूपमा गएको प्रसङ्गलाई सुनेका आधार पनि वर्णन गर्ने गरिन्छ । यसकारण सुनाइ सीप र घटनावर्णन एक आपसमा अन्तरसम्बन्धित रहेका छन् ।

### २.२.२.२ **बोलाइ सीपसँग सम्बन्ध**

आफ्ना मनमस्तिष्कमा रहेका भाव वा विचारहरू अरूसमक्ष मौखिक रूपमा व्यक्त गर्नुलाई बोलाइ सीप भनिन्छ । बोलाइ सीपद्वारा सुनेका, पढेका, देखेका तथा अनुभव गरेका कुरालाई अरूसमक्ष प्रस्तुत गरी त्यसबाट आफ्नो मनोकाङ्क्षा पूरा गर्दछ (शर्मा र पौडेल, २०६८: २८३) । बोलाइ सीप भाषाको अभिव्यक्ति पक्षसँग सम्बन्धित छ । बोलेर सीपका कार्यकलापहरूमा कथाकथन, वादविवाद, भाषण आदि पर्दछन् । महत्त्वपूर्ण घटनालाई सिलसिलाबद्ध रूपमा बोल्ने बानीको विकासमा सहयोग गर्ने हुनाले बोलाइ सीप र घटनावर्णन एक आपसमा सम्बन्धित रहेको छ ।

### २.२.२.३ **पढाइ सीपसँग सम्बन्ध**

लिपिबद्ध गरिएका सामग्रीमा व्यक्त विचार एवम् भावनालाई ग्रहण गर्नु पढाइ सीप भनिन्छ । पढाइमा आँखा मस्तिष्कको संलग्नता रहन्छ । कुनै पनि घटनाको बारेमा पढेर पनि वर्णन गर्न सकिन्छ । जुनसुकै यात्राको क्रममा, चाडपर्वका बारेमा लेखिएका घटनाहरूको बौद्धिक ज्ञानको विकास गर्नका साथै जुनसुकै घटनालाई पनि सिलसिलाबद्ध रूपमा पढ्ने साथै जुनसुकै घटनालाई पनि सिलसिलाबद्ध रूपमा पढ्ने बानीको विकास हुनाले घटनावर्णन र पढाइ सीप बिच सम्बन्ध रहेको छ ।

### २.२.२.४ लेखाइ सीपसँग सम्बन्ध

भाषाका चार सीपमध्ये लेखाइ सीप एक प्रदानात्मक सीप हो । सुनेका देखेका, पढेका कुराहरूलाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइ सीपबाट मात्र सम्भव छ । आफ्नो अभिव्यक्तिलाई लिपिबद्ध ढङ्गले व्यक्त गर्ने माध्यम लेखाइ हो । दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, कुनै प्रसङ्गमा भएका विचारलाई दीर्घकालसम्म सञ्चित गरेर राख्न र सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सीपको आवश्यकता पर्दछ । कुनै पनि कुरालाई सञ्चित, सुरक्षित एवम् सङ्गठित रूपमा भविष्यका लागि उपयोग गर्न सकिने बनाउन लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (ढकाल, २०६६: ४४) । लेखाइ सीप विकासका लागि कार्यकलापहरू हुन्छन् । ती कार्यकलापहरूमध्ये घटनावर्णन पनि एक हो । कुनै एउटा शीर्षक दिएर घटनावर्णन गर्नका लागि सिलसिलाबद्ध रूपमा गर्न लगाइन्छ । यसरी घटनाको वर्णन गर्दा प्रभावकारी लेखन सीपको विकास हुने भएकाले एक आपसमा सम्बन्ध रहेको छ ।

### २.२.३ घटनावर्णनका पक्षहरू

घटनावर्णनका विभिन्न पक्षहरू हुन्छन् । ती पक्षहरू यसप्रकार छन् :

### २.२.३.१ घटना

विद्यार्थीले आफ्नो जीवनका विभिन्न सन्दर्भमा देखेका भोगेका सुनेका र अनुभव गरेका कुरा नै घटना हो । घटनावर्णनका निम्ति स्पष्ट र महत्त्वपूर्ण देखिने तत्वहरूका रूपमा घटनावर्णन हो । जो घटनाको वर्णनमा विषयवस्तुका रूपमा रहन्छ । व्यक्तिको मनमा जिज्ञासा, कुण्ठा तथा कौतूहल जन्माउने प्रभावकारी ढङ्गमा व्यक्तिलाई तान्ने मनेभावलाई विभ्काउने, घात प्रतिघात, आरोह अवरोह, वादविवाद, संवाद समस्या नै घटना हो (ओभ्का, २०७१ : १५०) । घटना विना वर्णनको सम्भावना छैन । तसर्थ घटनावर्णनका क्रममा विद्यार्थीहरूको सेरोफेरोमा रहेका वा देखेका, भोगेका सुनेका, समस्या कठिनाइ अविस्मरणीय अवस्था, भ्रमण दुर्घटना, वादविवाद कार्यक्रम जस्ता विषयवस्तु घटना हुन् । यो घटनावर्णनमा महत्त्वपूर्ण पक्षका रूपमा स्थापित रहेको छ ।

### २.२.३.२ परिवेश

घटनावर्णनको मूल शक्ति भनेका व्यक्तिले घटना भएकै स्थानमा पुग्नु हो । घटना वा विषयवस्तु घटेको ठाउँको वास्तविक अवस्था नै परिवेश हो (ओभ्का, २०७०: १५१) । कुनै

पनि घटना एउटा परिवेश हुन्छ । कुन परिवेशमा घटना भएको छ वा त्यो घटनाको परिवेश के हो त्यही परिवेशकै आधारमा वर्णन गर्नुपर्ने हुँदा परिवेश महत्त्वपूर्ण पक्ष मानिन्छ । घटनावर्णन गर्ने व्यक्ति परिवेशसँग अवगत छैन भने उक्त घटनाको वर्णन गर्ने हैसियत रहदैन । घटना एउटा स्थान, समय वातावरणमा हुन्छ । त्यसैका आधारमा वर्णन गरिने हुँदा परिवेश आवश्यक पक्षका रूपमा रहेको छ ।

### २.२.३.३ आख्यान

आख्यान पनि घटना र परिवेशलाई अघि बढाउनु त्यहाँ परिवेश प्रस्ट्याउन वा घटनालाई स्पष्ट पार्ने घटनाका बारेमा आफ्ना मनमा हुने क्रिया प्रतिक्रियालाई प्रस्तुत गर्ने माध्यम हो (दाहाल, २०६४: ६) । घटनाको वर्णनका क्रममा आउने आख्यानकै घटना र परिवेशलाई जोड्दै लैजान्छ । आख्यानकै माध्यमबाट प्रस्तुत गरिएको घटना वा विषयवस्तु अरू समक्ष प्रस्तुत हुन्छ । जसले भएको घटनालाई मूर्त रूप प्रदान गर्दछ । तसर्थ घटनावर्णनको पक्षअन्तर्गत आख्यानलाई लिन सकिन्छ ।

### २.२.३.४ चिन्तनशीलता

व्यक्तिमा भएका विचार, तर्क गर्ने क्षमता, दृष्टिकोणलाई चिन्तनशीलता भनिन्छ कुनै घटना र त्यहाँका परिवेशको अवलोकनपश्चात् त्यस घटनासम्बन्धी आफ्ना धारणा निर्माण गरेपछि मात्र घटनावर्णन गरिन्छ । चिन्तन विना घटना हुन नसक्ने हुनाले घटनावर्णनमा चिन्तनशीलता आवश्यक पक्ष हो । विद्यार्थीहरूले आफ्नो सेरोफेरोमा देखेका, भागेका, सुनेका वा अनुभव गरेका बेग्लाबेग्लै घटनाहरू लिएर स्वतन्त्र एवम् स्तरयुक्त ढङ्गले उपयुक्त शैली, शृङ्खला र सङ्कथन मिलाएर अभिव्यक्ति दिई प्रभावकारी घटनावर्णन क्षमताको विकासमा सहयोग पुग्दछ (अधिकारी, २०६८ : २८८) । घटनाको वर्णन गर्दा व्यक्तिका त्यस घटनाप्रति मनमा लागेका विचार, तर्क र दृष्टिकोण व्यक्त गर्दै पुष्टि गर्नुपर्ने हुन्छ । यसकारण घटनावर्णनमा चिन्तनशीलता आवश्यक पक्ष हो ।

### २.२.३.५ भाषाशैली

कुनै पनि विषयवस्तुलाई व्यक्त गर्न भाषाको आवश्यकता पर्दछ । त्यसै भाषालाई उक्त शब्द, वाक्य चयन गरी सौन्दर्य प्रभावकारी, रोचक तर्कगत रूपमा प्रस्तुत गर्ने तरिका शैली हो (ओझा, २०७१ : १५२) । यो घटना र परिवेशलाई शृङ्खलाबद्ध रूपमा सहज, सरल, सरस र प्रभाकारी रूपमा घटनाको वर्णन गर्न भाषाशैली आवश्यक पक्ष हो ।

### २.२.४ घटनावर्णनको प्रकार

घटनावर्णन दुई प्रकारका छन्: मौखिक र लिखित । मौखिक अभिव्यक्ति समग्र व्यक्तिको उच्चतम प्रभावशाली माध्यम हो (शर्मा र पौडेल, २०६७: १२६) । लेखक कला समग्र शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग पनि हो । लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् ( शर्मा र पौडेल २०६७: १७०) । घटनावर्णनमा मौखिक र लिखित अभिव्यक्ति निम्नानुसार उल्लेख गरिएको छ :

#### २.२.४.१ मौखिक घटनावर्णन

सुनेका, देखेका, अनुभव गरेका र पढेका कुरालाई ध्वनि प्रतीकहरूबाट श्रोता समक्ष सरल, सहज, स्पष्ट प्रभावपूर्ण रूपले व्यक्त गर्ने उपायलाई मौखिक अभिव्यक्ति भनिन्छ ( ढकाल, २०६९: १९८) । मानिसले आफ्नो जीवनमा देखेका, भोगेका, सुनेका, अनुभव गरेका घटनालाई बोलीको मध्यमबाट आफ्ना विचार, धारणा, भावना, चाहना उद्देश्य र मौखिकतालाई क्रमबद्ध रूपमा हेर्नु र त्यसबाट व्यक्तिको मौखिक अभिव्यक्ति क्षमता विकास हुन्छ । प्राप्त घटनालाई मानस्पटलमा स्मरण गरी घटनाको सन्दर्भ परिवेश विषयवस्तुका आधारमा क्रमबद्ध नभई मौखिक रूपमा प्रस्तुत गर्नु मौखिक वर्णन हो । मौखिक वर्णनले व्यक्तिमा स्पष्ट शुद्ध निर्धक्क अभिव्यक्ति दिने क्षमताको विकास गर्दछ । घटनावर्णनको महत्त्वपूर्ण प्रकारका रूपमा मौखिक घटनावर्णनलाई लिइन्छ ।

#### २.२.४.२ लिखित घटनावर्णन

सुनेका, देखेका, पढेका, जानेका कुराहरूलाई लिपिबद्ध गर्ने भाषिक कार्यलाई लिखित अभिव्यक्ति /लेखाइ भनिन्छ । भाषाका चार ओटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये यो चौथो वा अन्तिम तर प्रभावकारी रूपमा रहेको छ । लिखित अभिव्यक्ति मौखिक अभिव्यक्तिको प्रतीकात्मक प्रयोग हो (ढकाल, २०६९: २८८) । व्यक्तिको जीवनमा देखेका, सुनेका, भोगेका र अनुभव गरेका घटनालाई लिपिबद्ध गरी लिखित रूपमा अभिव्यक्ति गर्नु लिखित घटनावर्णन हो । यो अभ्यासिक प्रकारको वर्णन विकास गरी घटनावर्णन, मौखिक प्रतिवेदन, निबन्ध, कथा दैनिकी जस्ता सिर्जनात्मक स्वतन्त्र लेखन सीपको विकासमा लिखित घटनावर्णनले सहयोग पुऱ्याउँदछ । लिखित घटनावर्णन पनि महत्त्वपूर्ण शिक्षण पद्धतिको रूपमा रहेको छ ।

### २.२.५ घटनावर्णनको स्वरूप

घटनावर्णन पनि कथा, वादविवाद, व्याख्या जस्तै विद्यार्थीको अभिव्यक्ति क्षमता विकासका निम्ति रहेको कार्यकलाप हो (अधिकारी, २०६२: ५०) । घटनावर्णन व्यक्तिको घटना घटेको वा प्रत्यक्ष रूपमा देखे भोगेका आधारमा आफ्ना तर्क विचार प्रस्तुटत गरी स्वतन्त्र रूपमा मौखिक वा लिखित अभिव्यक्ति गर्न सकिन्छ भने यस्ता केही घटना वा कसैले सुनाएको घटना वा विषय वस्तुको अभिव्यक्ति गर्न सकिने कार्यकलाप घटनावर्णनको स्वरूपभित्र पर्दछ ।

### २.२.६ आधारभूत तहमा घटनावर्णन क्षमताको प्रयोजन

आधारभूत तहमा घटनावर्णन क्षमताको प्रयोजन पहिचान गराउँदा विषयवस्तुको ज्ञान, लेख्य चिह्नको प्रयोग सिलसिलाबद्धता आदि पक्षलाई हेर्न गरिन्छ । घटनावर्णनको मूल प्रयोजनमा कुनै पनि देखेका, भोगेका र अनुभव गरेका घटनालाई मौखिक वा लिखित अभिव्यक्तिबाट प्रस्तुत गर्नु भावी सम्पादानात्मक र सिर्जनात्मक लेखनका लागि आधारभूत पृष्ठभूमि तयार गर्नु आवश्यक पर्दछ (पौडेल, २०७०: ९५) । यसका साथै लेखनलाई व्यवस्थिति र लिपिबद्ध बनाउन पनि आधारभूत तहमा घटनावर्णनको प्रयोजनीय कार्य हो ।

आधारभूत तहमा विद्यार्थीलाई कक्षाकोठामा क्रियाकलाप गराई घटनावर्णन कार्य प्रस्तुतिगत क्षमता विकास गराउन सकिन्छ । आधारभूत तहमा घटनावर्णन क्षमताको प्रयोजनलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. विद्यार्थीको लेखन वक्तृता क्षमता विकास गर्न

२. कुनै पनि विषवस्तुको घटनालाई सहज, सरल तरिकाले क्रमबद्ध गरी मौखिक वा लिखित क्षमताको विकास गर्न

३. सिर्जनात्मक लेखन क्षमताको विकास गर्न

४. लेखन अभ्यासलाई विस्तारित गर्न

५. लेखाइको सम्पादनात्मक क्षमताको विकास  गर्न

६. तार्किक क्षमताको विकास गर्न

### २.२.७ घटनावर्णन क्षमताको महत्त्व र आवश्यकता

कुनै खास समस्या भएका व्यक्तिको समस्याको कारण पहिाचन गरी त्यसको निदनन गर्न घटना अध्ययन प्रचलित छ । एक पटक, दुई वा दुईभन्दा बढी व्यक्ति तथा एकाइहरूको तुलनात्मक अध्ययन साथै मानसिक यथार्थ अनुभूति, धारणा, चाहना, सोच व्यवहार पत्ता लगाउन घटनावर्णनको आवश्यशता पर्दछ । कुनै छुट्टीको दिन, मेला चाडपर्व आीद घटनाहरू दिएर क्रमबद्ध रूपले वर्णन गर्न लगाई लेखाइ सीप सहज रूपमा प्राप्त गर्न सक्दछ ( अधिकारी, २०५०: २५४) । घटना अध्ययनबाट व्यक्ति तथा अन्य सामाजिक एकाइको सूक्ष्मतम र गहन अध्ययन गर्न सकिन्छ । घटना अध्ययन विधिमा दस्तावेजका माध्यमबाट पनि यसका लागि स्रोत जुटाइने भएकाले यो विधि भरपर्दो मानिन्छ । घटना अध्ययन व्यक्ति तथा अन्य सामाजिक एकाइको विगतको अध्ययनसँग सम्बन्धित भएकाले त्यसैका आधारमा अहिलेको अध्ययनलाई सहयोग पुग्दछ (खनाल, २०७५: १३७) । भाषाका चार ओटा सीपहरूमध्ये बोलाइ र लेखाइ प्रदानात्मक सीप हो । यसले विद्यार्थीहरूको लेखाइ र बोलाइ क्षमता विकास गर्न आवश्यक छ । कतिपय घटनालाई विषयवस्तु अनुसार बोलेर प्रस्तुत गरिन्छ  भने कतिपय विषयवस्तु जसलाई बोलेर मात्र सम्भव नहुने भएकाले लेखेर प्रस्तुत गरिन्छ । विद्यालयमा धेरैजसो कार्यकलाप लिखित रूपमा नै गराइन्छ र विद्यार्थीको सिर्जनात्मक क्षमता विकास गर्नका लागि मौखिक र लिखित दुवै कार्यकलाप गराउनु आवश्यक छ । घटनावर्णन विद्यार्थीको अभिव्यक्ति क्षमताको विकास गर्न, सिर्जनात्मक क्षमता विकास गर्न, मानवीय जीवन भोगाइका घटनालाई प्रस्तुत गर्न, लेख्य अभिव्यक्तिका माध्यमबाट क्षमताको विकास गर्न, विषयवस्तुको ज्ञान बढाउन र घटनालाई स्वतन्त्र क्रमबद्ध ढाँचा प्रदान गर्न आवश्यक पर्दछ ।

घटनावर्णन शिक्षार्थीहरूले दैनिक जीवनमा देखेका, जानेका अनुभव गरेका घटनाहरूको पर्यवेक्षण गर्न वा जानकारी लिइ आफ्ना अनुभवलाई स्वतन्त्रतापूर्ण र क्रमबद्ध ढङ्गले वैयक्तिक मौलिकतासमेत दर्साइ प्रस्तुत गर्नु नै घटनावर्णन भनिन्छ । विद्यार्थी पनि सामाजिक सदस्य भएकै नाताले पनि त्यस समाजमा कुनै मेला, जात्रा, चाडपर्वहरूका आफै भाग लिइन्छ र देख्छन् । यस्ता विषय वस्तुलाई अनुभवलाई मौखिक र लिखित अभिव्यक्ति विकास गर्न घटनावर्णनको प्रयोग आधारभूत तहमा गर्न सकिन्छ । यस्ता विषयवस्तु जो विद्यार्थीले आफ्नो सेरोफेरोमा देखेका वा अनुभव गरेका घटना उनीहरूले गरेका गाउँ, ठाउँ, सहर, बजार वा रमणीय ठाउँको यात्रा तथा उनीहरू खाने, लाउने, हेर्ने काम गर्ने कार्यकलाप

वैयक्तिक रुचिका प्रसङ्गहरूलाई लिई स्वतन्त्र रूपमा मौखिक र लिखित रूपमा वर्णन गर्ने कार्य घटनावर्णन हो ।

घटनावर्णनको सैद्धान्तिक स्वरूपका आधारमा यसका पक्षको निर्धारण नभएता पनि केही आधारभूत पक्षहरू रहका छन् जसमध्ये वर्णनका निम्ति कुनै विषयवस्तु वा घटना आवश्यक भएको पाइन्छ । यस्ता घटना कुनै ठाउँ, समय र वातावरणका आधारमा हुने उक्त परिवेशकै आधारमा व्याख्या वर्णन हुने हुँदा परिवेश तत्त्वका रूपमा रहेको मानिन्छ । घटना र परिवेशलाई सम्बन्धित बनाउँदै अभिव्यक्ति गर्ने आख्यानको आवश्यकता पर्ने हुँदा आख्यान पनि महत्त्वपूर्ण पक्ष हो । विषयवस्तुको प्रस्तुति गर्ने माध्यम र त्यसको तरिकाका आधारमा भाषाशैली पनि घटनावर्णनको पक्ष मानिन्छ । यस्ता पक्षका आधारमा प्राप्त घटना वा विषयवस्तु वर्णन गर्न सकिन्छ ।

घटनावर्णन क्षमता विद्यार्थीको विषयवस्तु, परिवेश उपयुक्त भाषाशैली समय क्रमका आधारमा अभिव्यक्ति क्षमताको मापन भन्ने बुझिन्छ । यसको मुख्य प्रयोजनका रूपमा लिखित वा मौखिक रूपमा अभिव्यक्ति क्षमता विकास गर्नु रहेको छ । विद्यार्थीको अभिव्यक्ति क्षमता विकास गर्न घटनावर्णन कार्यकलापको आवश्यकता रहेको पाइन्छ । घटनावर्णन विद्याल तहमा रहको विद्यार्थीहरूको क्षमता कस्तो रहेको छ  र विद्यार्थीमा अझ विकास गर्न के-कस्ता प्रक्रिया अपनाउन सकिन्छ भन्ने जान्न घटनावर्णन क्षमता अध्ययन गर्नु आवश्यक छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान एक औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसका खास विधिहरू हुन्छन् । शोध विधिको प्रयोग शोधकार्यको सुरुदेखि अन्तिमसम्म गरिन्छ । यस अनुसन्धानलाई प्रभावकारी रूपमा अध्ययनलाई विश्लेषण गरी निष्कर्षमा पुऱ्याउने किसिमको खास प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित विधि तथा प्रक्रिया अपनाई सम्पन्न गरिएको छ :

## ३.२ जनसङ्ख्या पहिचान

यस अध्ययनमा शैक्षिक सत्र २०७५ मा इलाम जिल्लाका कक्षा सातमा पढाइ हुने सम्पूर्ण विद्यालय, ती विद्यालयमा अध्ययनरत कक्षा सातका सम्पूर्ण विद्यार्थीलाई ज नसङ्ख्याका रूपमा लिइनेछ ।

## ३.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययन कार्यलाई विश्वसनीय बनाउनका लागि इलाम जिल्लाका १० वटा विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा समावेश गरिएको छ । प्रतिनिधि नमुना छनोटका रूपमा इलाम जिल्ला भित्रका सामुदायिक पाँच र संस्थागत पाँच गरी १० विद्यालय (श्री पूर्णस्मारक माध्यमिक विद्यालय गोदक- १० इलाम, श्री नन्द माध्यमिक विद्यालय गोदक- १० इलाम, श्री पुण्यस्मारिका आधारभूत विद्यालय- सूर्योदय न.पा. ११ तीनघरे, इलाम, आदर्श माध्यमकि विद्यालय- इ.न.पा इलाम, श्री अमर माध्यमिक विद्यालय- इन.पा ५ बरबोटे, हरिहर मेमोरियल अङ्ग्रेजी स्कुल इ.न.पा. १० गोदक, इभरलेण्ड इन्टरनेशल एकेडेमी - सु.न.पा १० फिक्कल, इलाम, हेरिटेज नेशनल एकाडेमी - प्रा .लि. इलाम, श्री ज्योति विद्या मन्दिर- इलाम १, बरबोटे अङ्ग्रेजी बोर्डिङ स्कुल - इ .न.पा ५ बराबोटे) का जम्मा विद्यार्थीहरूमध्येबाट सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा १० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.४ पूर्व परीक्षण

अध्ययनका क्रममा निर्मित सामग्रीहरू सही छन् वा छैनन् भन्ने कुरा पत्ता लगाउन पूर्व परीक्षण गरिएको छ । नमुना छनोटमा परेका १० वटा विद्यालयमध्ये सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई कुनै दुई शीर्षकमा पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षणबाट प्राप्त पूर्व निष्कर्षका आधारमा शोध निर्देशकको सल्लाह र सुझाव लिएर वास्तविक परीक्षण अघि बढाइएको छ ।

## ३.५ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत अध्ययनका लागि निम्नलिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### ३.५.१ प्राथमिक स्रोत

यस अनुसन्धानमा प्राथमिक स्रोत सामग्री सङ्कलनको लागि क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनमा इलाम जिल्लाका १० वटा निम्न माध्यमिक विद्यालयका प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूसँग सम्पर्क गरी कुनै शीर्षकमा घटनावर्णन क्षमता लेखन कर्या अगाडि बढाइएको छ ।

### ३.५.२ द्वितीयक स्रोत

प्रस्तुत अनुसन्धानमा पाठ्यसामग्री पत्रपत्रिका, शोधपत्रहरू र सन्दर्भ पुस्तकहरू द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ । पत्रपत्रिकामा प्रकाशित लेखहरूलगायत शोधनिर्देशक, विषयविज्ञ, शिक्षक प्राध्यापकहरूलाई द्वितीयक स्रोतका रूपमा लिएर अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

### ३.५.३ उपकरण निर्माण

**प्रश्नावली निर्माण**

प्रस्तुत शोधकार्यमा कक्षा सातको नेपाली विषयको पाठ्यक्रमसँग समानान्तर हुने गरी दुई प्रश्न भएका उपकरण निर्माण गरिएको छ ।

१. वनभोज कार्यक्रमका बारेमा वर्णन गर्नुहोस् ।

२. तपाईले गतवर्ष मनाउनुभएको चाड तिहारको बारेमा सिलसिलाबद्ध रूपमा वर्णन गर्नुहोस् ।

### ३.५.४ परीक्षण प्रक्रिया र अङ्कन प्रक्रिया

मानकीकृत प्रश्नपत्रलाई इलाम जिल्लाको १० वटा विद्यालयका प्रत्येक प्रधानाध्यापकहरूसँग प्रत्यक्ष सम्पर्कमा रही प्रत्यक्ष रूपमा विद्यार्थीहरूसँग द्यिालयमा नै १०० विद्यार्थी माझ ५० पूर्णाङ्कमा १ घन्टा तोकेर प्रश्नपत्रलाई कार्यान्वयन गरिएको छ । २०७५/०९/२५ गते सुरु गरिएको उक्त कार्य २०७५/१०/१६ गते परीक्षा समापन गरिएको छ । प्रत्येक विद्यालयका १०/१० जना गरी १०० जना विद्यार्थीमाझ लिइएको परीक्षाबाट प्राप्त नतिजालाई यसरी अङ्कन गरिएको छ :

तालिका १

अङ्कन प्रक्रिया

| प्रश्न नं. १ | शीर्षक | शीर्षकको परिचय र प्रारम्भ | विषयवस्तुको ज्ञान | प्रस्तुति | मौलिकता | भाषिक शुद्धता | निष्कर्ष | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | १ | ४ | ४ | ४ | ६ | ३ | ३ | २५ |
| प्रश्न नं. २ | १ | ४ | ४ | ४ | ६ | ३ | ३ | २५ |
| जम्मा | | | | | | | | ५० |

माथिको तालिकाका आधारमा अङ्कभार निर्धारण गरी परीक्षण प्रक्रिया पूरा गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन

यस अनुसन्धानमा विद्यार्थीलाई नमुना छनोटमा परेका कुनै शीर्षक दिएर घटनाको वर्णन गर्न लगाई सामग्री सङ्कलन गरिएको छ । घटनावर्णन गराउँदा विद्यार्थीहरूलाई आवश्यक निर्देशन, सल्लाह तथा सुझाव दिइएको छ । निर्धारित सीमाभित्र विद्यार्थीहरूलाई घटनावर्णन गर्न लगाइएको छ । अन्त्यमा उत्तरपुस्तिका सङ्कलन गरिएको छ । शीर्षक, शीर्षको परिचय र प्रारम्भ, विषयवस्तुको ज्ञान, प्रस्तुति, मौलिकता, भाषिक शुद्धता निष्कर्षलाई आधार मानी निष्कर्षमा पुऱ्याइएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या विश्लेषण

अनुसन्धन कार्य आफैँमा जटिल कार्य हो । एक्लैको प्रयासबाट यो कार्य सम्भव हुँदैन । अनुसन्धान कार्यलाई सफल बनाउन विभिन्न व्यक्ति, सङ्घ संस्थाको सहयोग र आवश्यकता पर्दछ । यस अनुसन्धान कार्यलाई अघि बढाउन छनोटमा परेका विद्यालय र विद्यार्थीको सहयोग लिइएको छ । अनुसन्धानका क्रममा उचित वातावरण सिर्जना गरिदिन सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई आग्रह गरियो । छनोटमा परेका विद्यालयबाट प्रतिनिधि नमुना छनोट गरी निश्चित समय तोकी वनभोज कार्यक्रम र तिहार चाड बारेमा शीर्षक दिएर घटनावर्णन गर्न अभिप्रेरित गराइयो ।

विद्यार्थीको घटनावर्णन क्षमताको मूल्याङ्कन गर्दा शीर्षक १, शीर्षकको परिचय र प्रारम्भ ४, विषयवस्तुको ज्ञान ४, प्रस्तुति ४, मौलिकता ६, भाषिक शुद्धता ३, निष्कर्ष ३ प्रदान गरिएको छ। प्रस्तुत अध्ययनमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूलाई निम्न ४०-६० प्रतिशत ल्याउनेलाई मध्यम स्तर, ६०-८० प्रतिशत अङ्क ल्याउने उत्तम र ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीलाई अतिउत्तममा विभाजन गरी मूल्याङ्कनका साथ अङ्क प्रदान गरिएको छ।

यसरी उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुराहरूलाई आधार मानिएको छ । समग्रताका आधारमा, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको लैङ्गिकताको आधारमा छात्र र छात्राको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ। यसरी प्रस्तुत शोधमा घटनावर्णनको अवधारणाको अध्ययनका लागि निगमनात्मक विधि अपनाइएको छ भने तथ्याङ्कको विश्लेषण गरी निष्कर्षमा पुग्ने क्रममा आगमनात्मक विधिको उपयोग गरिएको छ।

प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूचकहरू निम्नानुसार रहेका छन् :

मध्यमान ( $\bar{X}) = \frac{\Sigma FX}{N}$

$\Sigma$ = जोड योगफल

F = आवृत्ति

X = चल

प्रतिशत गणना गर्न निम्न सूत्रको प्रयोग गरिएको छ :

$$\text{प्रतिशत (P)} = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रतिशत

T = कुल विद्यार्थी सङ्ख्या

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या

यस अध्यायमा प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अपनाइएका अध्ययन विधि र प्रक्रियालाई विभिन्न उपशीर्षकहरूअन्तर्गत उल्लेख गरिएको छ । इलाम जिल्लालाई जनसङ्ख्या क्षेत्रका रूपमा निर्धारण गरी त्यस जिल्लाका निम्न माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययन विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानिएको छ । त्यसपछि उक्त जिल्लाका पाँचजना छात्र र पाँचजना छात्रा पर्ने गरी पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०/१० जना गरी १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । दुईवटा नमुनाका रूपमा प्रश्न निर्माण गरी उक्त प्रश्नपत्र विद्यार्थीहरूलाई उपलब्ध गराई कापीमा उत्तर लेख्न लगाई उत्तरपुस्तिका सङ्कलन गरिएको छ । ती उत्तर पुस्तिकालाई प्राथमिक स्रोत मानी परीक्षणको आधार निर्माण गरी उत्तरपुस्तिकाको परीक्षण गरेर तथ्याङ्क निकालिएको छ । उक्त तथ्याङ्कलाई घटनावर्णन सम्बन्धी अवधारणाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणलाई वस्तुगत बनाउन तालिकीकरण, स्तम्भरेखाचित्र मध्यमान उपयोग गरिएको छ । विद्यालय प्रकृति, लैङ्गिकतालाई आधार मानी तुलनात्मक विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त निष्कर्षलाई अध्यायका अन्त्यमा उल्लेख गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीका घटनावर्णन क्षमतामा केन्द्रिय रहेको छ । कक्षा सात आधारभूत तहको महत्त्वपूर्ण कक्षा हो । यस कक्षाको स्तरअनुरूप भाषिक सीप विकासका लागि पाठ्यक्रमले विभिन्न उद्देश्यहरू निर्धारण गरिएको छ । घटनावर्णन भाषिक सीप विकासको सैद्धान्तिक र व्यवहारिक ज्ञान सीप हासिल गर्ने एक उत्कृष्ट माध्यम हो । भाषिक सीपका चार सीपमध्ये लेखाइ सीपका माध्यमबाट अभिव्यक्ति कार्यकलापलाई सुदृढ बनाउन विविध कार्यकलापहरू गराइन्छ । लिखित शिक्षणीय कार्यकलापहरूमध्ये लिखित घटनावर्णन कार्यकलाप लिखित अभिव्यक्तिगत कुशलता प्राप्त गर्ने महत्त्वपूर्ण कार्यकलाप हो ।

नेपाल विविध भाषाभाषी, जाति, धर्म, संस्कृति र विविध भौगोलिक स्थिति भएको देश हो । विविध स्थानानुसार व्यक्तिका भाषिक अभिव्यक्तिमा भिन्नता रहेको हुन्छ । त्यसैले अध्ययनलाई उत्कृष्ट बनाउनका लागि प्रस्तुत अध्ययनका उद्देश्यहरू समग्र विद्यार्थीको क्षमता पहिचान गर्नु विद्यालयको प्रकृतिका आधारमा घटनावर्णन क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा पहिचान गर्नु, विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् ।

प्रस्तुत अध्ययन उद्देश्यको परिपूर्तिका लागि इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमता क्षेत्रीय विधिद्वारा पहिचान गरिएको छ । यो अध्ययनमा इलाम जिल्लाका जम्मा दश विद्यालयका १०० जना विद्यार्थीबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । यो तथ्याङ्क सङ्कलन गर्ने क्रममा दुई वटा प्रश्न दिएर घटनावर्णन लेखन गर्न लगाई आएको तथ्याङ्कलाई विद्यार्थीको समग्र घटनावर्णन लेखन क्षमता, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति लैङ्गिकताका आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक स्थितिलाई प्रतिशत र मध्यमान जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यका विश्लेषणका लागि अपनाइएका विभिन्न विधि र प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषणस्वरूप निम्नानुसार उल्लेख गरिएको छ :

## ४.१ समग्र विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत शोधकार्य इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्ययनका लागि इलाम जिल्लाका ५ सामुदायिक र ५ संस्थागत गरी जम्मा १० वटा विद्यालयबाट १०० जना विद्यार्थीलाई १ घण्टाको समयमा ५० पूर्णाङ्कको परीक्षा लिई आवश्यक तथ्य सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त नतिजाको आधारमा यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले समग्र विद्यार्थीको घटनावर्णन लेखन क्षमताको स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छः

तालिका २

**समग्र विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ४०% भन्दा कम | | ४०- ६०% | | ६०- ८०% | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५२ | ५२ | ४३ | ४३ | ५ | ५ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

जम्मा = १००

सङ्ख्या = ५०

$$\text{प्रतिशत} = \frac{\text{संख्या}}{\text{जम्मा}} \times १००$$

$$= \frac{५०}{१००} \times १००$$


$$= ५२\%$$

प्रस्तुत तालिकाका आधारमा विद्यार्थीको घटनावर्णन लेखन क्षमताको समग्र विद्यार्थीको लेखन क्षमता वर्गीकरण गर्दा चार श्रेणीमा छुट्याइएको छ । यसअनुसार ४० भन्दा कम घटनावर्णन लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ५२ रहेको छ भने यसको प्रतिशत सङ्ख्या ५२ रहेको देखिन्छ । त्यसैगरी ४० देखि ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४३ र प्रतिशत सङ्ख्या ४३ छ । ६० देखि ८० सम्मका घटनावर्णन लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ५ र ५ प्रतिशत छ । त्यसैगरी ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ । यसरी समग्र विद्यार्थीको घटनावर्णन क्षमतालाई हेर्दा सबैभन्दा धेरै ४० भन्दा कम ल्याउने विद्यार्थीको प्रतिशत ५२ रहेको हुँदा विद्यार्थीको घटनावर्णन क्षमता निम्न रहेको देखिन्छ ।

समग्र विद्यार्थीको प्राप्ताङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । उक्त प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भ रेखाचित्र १ मा देखाउन सकिन्छ :

**स्तम्भरेखाचित्र १**

**समग्र विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको चित्रमा जम्मा १०० जना विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ । जसमा ४० प्रतिशतभन्दा कम ५२ जना ४० देखि ६० प्रतिशतमा ४३ जना त्यसैगरी

६० देखि ८० प्रतिशतसम्म ५ जना रहेको छ भने ८० भन्दा माथि अङ्क ल्याउने शून्य प्रतिशत रहेको पाइन्छ ।

### ४.१.२ मध्यमानका आधारमा समग्र विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले मध्यमानका आधारमा समग्र विद्यार्थीको घटनावर्णन लेखन क्षमताको स्थितिलाई तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**समग्र विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | FM |
|---|---|---|---|
| २०–४० | ५२ | ३० | १६५० |
| ४०–६० | ४३ | ५० | २१५० |
| ६०–८० | ५ | ७० | ३०० |
| ८०–१०० | ० | ९० | ० |
| जम्मा | N = १०० | | ΣFM = ४०१० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

$$\text{मध्यमान } (\bar{x}) = \frac{FM}{N}$$

$$= \frac{४०१०}{१००}$$

$$= ४०.१$$

तालिका ४

**समग्र विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४०.१ | ६१ | ६१ | ३९ | ३९ |

स्रोत: स्थलगत अध्ययन, २०७५ ।

माथि दिइएको तालिकाअनुसार नमुना छनोटमा समेटिएका १०० जना विद्यार्थीको मध्यमान ४०.१ रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा १०० विद्यार्थीको मध्यमानभन्दा माथि ३९ जना र प्रतिशतका आधारमा ३९ रहेको छ । मध्यमानभन्दा तल ६१ जना प्रतिशतका आधारमा ६१ रहेको छ । मध्यमानभन्दा धेरै अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या थोरै र मध्यमानभन्दा थोरै अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या धेरै भएको पाइन्छ । मध्यमान समग्र औसत उपलब्धि पत्ता लगाउनका लागि उपयोग गरिने हुँदा माथिको तथ्याङ्कको मध्यमानका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्या बढी भएकाले इलाम जिल्लाका कक्षा सातमा अध्ययन विद्यार्थीहरूको समग्र उपलब्धि र घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ ।

प्रस्तुत समग्र विद्यार्थीको मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्र २ मा प्रस्तुत गर्न सकिन्छ :

### स्तम्भरेखाचित्र - २
### समग्र विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान स्थिति




स्रोत: स्थलगत अध्ययन, २०७५

विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमानका आधारमा गरिएको स्तम्भरेखाचित्रमा मध्यमानभन्दा माथि ३९ प्रतिशत र मध्यमानभन्दा तल ६१ प्रतिशत रहेको छ । मध्यमानका आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी थोरै रहेका छन् ।

समग्रताका आधारमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका १०० जना प्रतिनिधि विद्यार्थीमा परीक्षण गरिएको छ । प्रतिशतका आधारमा विश्लेषण गर्दा चार श्रेणीमा विभाजन गरी तालिकीकरण गरी प्रस्तुत गरिएको छ ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५२ अर्थात् ५२ प्रतिशत धेरै रहेकाले उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा घटनावर्णन क्षमता निम्न रहेको पाइन्छ । मध्यमानका आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्याको अन्तर धेरै देखिएकाले मध्यमानका आधारमा विद्यार्थीको घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ । यसरी मध्यमान निकाली विश्लेषण गरी प्राप्त तथ्याङ्कलाई तालिकामा र स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ ।

मूलतः इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययनअन्तर्गत समग्रताको आधारमा विद्यार्थीको प्रतिशत विद्यार्थीलाई थप अभ्यास र निरन्तर रूपमा लिखित अभिव्यक्ति सीपका कार्यकलापहरू गराउनुपर्ने देखिन्छ । उक्त विश्लेषणबाट समग्र विद्यार्थीको घटनावर्णन क्षमता प्रतिशतका आधारमा निम्न र मध्यमानका आधारमा कमजोर रहेको निष्कर्ष प्राप्त भएको छ ।

# अध्याय पाँच

## विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयमा १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई घटनावर्णन क्षमताका आधारमा प्रतिशत र मध्यमानका आधारमा अध्ययन कार्य गरिएको छ ।

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा पाँच सामुदायिक र पाँच संस्थागत गरी इलाम जिल्लाका १० वटा विद्यालयलाई आधार बनाइएको छ । यसअनुसार अध्याय पाँचमा निर्धारण गरिएको उद्देश्य दुईका आधारमा व्याख्या विश्लेषण गरिएको छ । मध्यमान र प्रतिशतका आधारमा प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ । ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयको तथ्याङ्कलाई यस अध्यायमा विभिन्न शीर्षक उपशीर्षक राखी देखाइएको छ ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

यस अध्ययनमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको घटनावर्णन क्षमतालाई प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरी स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

यस अध्ययनमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको लिखित घटनावर्णन सीपको क्षमता पहिचान गरिएको छ । यसमा प्रतिनिधि छनोटका रूपमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा तालिका ५ मा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका ५

सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी सङ्ख्या | ४०% भन्दा कम | | ४०- ६०% | | ६०- ८०% | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३० | ६० | १९ | ३८ | १ | २ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार समग्र विद्यार्थीको घटनावर्णन लेखन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कुल सङ्ख्या ५० जनालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ ।


माथिको तालिकालाई अध्ययन गर्दा ५ सामुदायिक विद्यालयका ५० जना विद्यार्थीमध्ये ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशतका आधारमा ६० प्रतिशत रहेको छ । ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशतका आधारमा ३८ रहेको छ । त्यसैगरी ६० देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशतका आधारमा २ प्रतिशत रहेको छ । त्यस्तै ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ ।

यसरी निम्न श्रेणी मापन गरिएको ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने ६० प्रतिशत र उत्तम श्रेणी निर्धारण प्रतिशतभन्दा माथि अङ्क ल्याउने शून्य प्रतिशत हुनुले विद्यार्थीहरूको घटनावर्णन क्षमता कमजोर मान्न सकिन्छ । यसैगरी मध्यम श्रेणीमा ४० देखि ६० प्रतिशतसम्म र ३८ प्रतिशत र उत्तम श्रेणीमा ६० देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने २ प्रतिशत रहेको पाइनाले सामुदायिक विद्यालयका विद्यार्थीका घटनावर्णन क्षमता निम्न रहेको पाइन्छ । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता निम्न खालको देखिन्छ । ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको ६० प्रतिशतलाई थप अभ्यास र निरन्तर रूपमा अभिव्यक्ति सीपका कार्यकलापहरू गराउनु पर्ने देखिन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णनको प्राप्त प्रतिशताङ्कलाई स्तम्भरेखाचित्र ३ मा देखाउन सकिन्छ ।

**स्तम्भरेखाचित्र ३**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको प्रतिशताङ्क स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको प्राप्ताङ्कका आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी विद्यार्थीको घटनावर्णन लेखन क्षमता प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाइएको छ । यसमा ४० प्रतिशतभन्दा कम ६० प्रतिशत, ४० देखि ६० प्रतिशतसम्म ३८ प्रतिशत, ६० देखि ८० प्रतिशतसम्म २ प्रतिशत र ८० प्रतिशतभन्दा माथि शून्य प्रतिशत रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीको क्षमता ४० भन्दा कम प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले प्रतिशताङ्कको आधारमा विद्यार्थीको घटनावर्णन लेखन क्षमता निम्न स्तरको रहेको पाइन्छ ।

### ५.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थितिलाई तलको तालिका ६ र ७ मा स्पष्ट पारिएको छ :

तालिका ६

**सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | FM |
|---|---|---|---|
| २०-४० | ३० | ३० | ९०० |
| ४०-६० | १९ | ५० | ९५० |
| ६०-८० | १ | ७० | ७० |
| ८०-१०० | ० | ९० | ० |
| जम्मा | N = ५० | | ΣFM = १९२० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

मध्यमान ( $\overline{x}$) = $\frac{\Sigma FM}{N}$

= $\frac{१९२०}{५०}$

= ३८.४०

तालिका ७

**सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३८.४० | ३० | ६० | २० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७५


माथिको तालिकाअनुसार इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीले घटनावर्णन क्षमता प्राप्त गरेका तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । माथि दिइएको

तालिकाअनुसार नमुना छनोटमा समेटिएका सामुदायिक विद्यालयका ५० जना विद्यार्थीको मध्यमान ३८.४० रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २० जना र प्रतिशतका आधारमा ४० प्रतिशत रहेको छ। तल ३० जना रहेका छन् र प्रीतशतका आधारमा ६० प्रतिशत रहेको छ। यसरी मध्यमानलाई हेर्ने हो भने मध्यमानभन्दा धेरै अङ्क ल्याउने विद्यार्थी सङ्ख्या थोरै र मध्यमानभन्दा थोरै अङ्क ल्याइने विद्यार्थी सङ्ख्या धेरै भएको पाइन्छ । माथिको तथ्याङ्कको मध्यमानका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्या बढी भएकाले इलाम जिल्लाका कक्षा सातमा अध्यनरत सामुदायिक विद्यालयका विद्यार्थीको समग्र उपलब्धि र घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ ।

प्रस्तुत सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्र ४ मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र ४**

**सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमानका आधारमा गरिएको स्तम्भरेखाचित्रमा मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेको छ। मध्यमानका आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू थोरै रहेका छन् ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

यस अध्ययनमा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको घटनावर्णन क्षमतालाई प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरी स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

यस अध्ययनमा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीको घटनावर्णन लेखन क्षमता पहिचान गरिएको छ । यसमा प्रतिनिधि छनोटका रूपमा संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीलाई समावेश गरिएको छ । त्यसैगरी संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको प्राप्ताङ्कका आधारमा तालिका ८ मा व्याख्या गर्न सकिन्छ ।

तालिका ८

संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल विद्यार्थी सङ्ख्या | ४०% भन्दा कम | | ४०- ६०% | | ६०- ८०% | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २३ | ४६ | २२ | ४४ | ५ | १० | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार समग्र विद्यार्थीको घटनावर्णन लेखन क्षमताको प्रतिशतका आधारमा विश्लेषण गर्दा छनोट गरिएका कुल विद्यार्थी सङ्ख्या ५० जनालाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । माथिको तालिकालाई अध्ययन गर्दा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ र प्रतिशतका आधारमा ४६ प्रतिशत रहेको छ । ४० प्रतिशतदेखि ६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशतका आधारमा ४४ प्रतिशत रहेको छ । त्यसैगरी ६० देखि ८० प्रतिशतसम्म अङ्क


ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशतका आधारमा १० प्रतिशत रहेको छ । त्यस्तै ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य प्रतिशत रहेको छ ।

यसरी निम्न श्रेणीमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी ४६ प्रतिशत र अतिउत्तम श्रेणीमा ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य प्रतिशत हुनुले विद्यार्थीको घटनावर्णन लेखन क्षमता ४० देखि ६० प्रतिशतसम्म अङ्क ल्याउने ४४ प्रतिशत र उत्तम श्रेणीमा ६० देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने १० प्रतिशत रहेको पाइएकाले समग्रमा संस्थागत विद्यालयका विद्यार्थीका घटनावर्णन क्षमता सन्तोषजनक खालको देखिन्छ । भने अन्य कम अङ्क प्राप्त गर्ने विद्यार्थीलाई थप अभ्यास र निरन्तर रूपमा अभिव्यक्ति सीपका कार्यकलापहरू गराउनु पर्ने देखिन्छ ।

संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णनको प्राप्त प्रतिशताङ्कलाई स्तम्भरेखाचित्र ५ मा देखाउन सकिन्छ :

**स्तम्भरेखाचित्र ५**

**संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क**




स्रोतः स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको प्राप्ताङ्कका आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी विद्यार्थीको घटनावर्णन लेखन क्षमता प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाइएको

छ । यसमा ४० प्रतिशतभन्दा कम ४६ प्रतिशत, ४० देखि ६० प्रतिशतसम्म ४४ प्रतिशत ६० देखि ८० प्रतिशतसम्म १० प्रतिशत र ८० भन्दा माथि शून्य प्रतिशत रहेको छ । संस्थागत विद्यालयको विद्यार्थीको घटनावर्णन क्षमता ४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या थोरै भएकाले प्रतिशताङ्कको आधारमा विद्यार्थी घटनावर्णन लेखन क्षमता निम्न स्तरको रहेको पाइन्छ ।

### ५.२.२ मध्यमानका आधारमा संस्थागत विद्यलायका विद्यार्थीको घटनावर्णन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको पहिचान गर्ने उद्देश्यले मध्यमानका आधारमा समग्र विद्यार्थीको घटनावर्णन लेखन क्षमताको स्थितिलाई तालिका ९ र १० मा प्रस्तुत गरिएको छ :

**तालिका ९**

**संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | FM |
|---|---|---|---|
| २०-४० | २३ | ३० | ६९० |
| ४०-६० | २२ | ५० | ११०० |
| ६०-८० | ५ | ७० | ३५० |
| ८०-१०० | ० | ९० | ० |
| जम्मा | N = ५० | | ΣFM = २१४० |

मध्यमान $(\bar{x}) = \frac{\Sigma FM}{N}$

$= \frac{२१४०}{५०}$

$= ४२\%$

तालिका १०

**संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमान**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२ | २८ | ५६ | २२ | ४४ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीले घटनावर्णन क्षमतामा प्राप्त गरेका तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । माथि दिइएको तालिकाअनुसार नमुना छनोटमा समेटिएका संस्थागत विद्यालयका ५० जना विद्यार्थीको मध्यमान ४२ रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २२ जना र प्रतिशतका आधारमा ४४ रहेको छ । मध्यमानभन्दा तल २८ जना र प्रतिशतका आधारमा ५६ रहेको छ । माथिको तथ्याङ्कका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या कम भएकाले इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीको समग्र उपलब्धि र घटनावर्णन क्षमता निम्न रहेको देखिन्छ ।

प्रस्तुत संस्थागत विद्यालयका विद्यार्थीको मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्र ६ मा प्रस्तुत गर्न सकिन्छ :

स्तम्भरेखाचित्र ६

संस्थागत विद्यालयको विद्यार्थीको घटनावर्णण क्षमताको मध्यमान स्थिति




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमानका आधारमा गरिएको स्तम्भरेखाचित्रमा मध्यमानभन्दा माथि ४४ प्रतिशत र मध्यमानभन्दा तल ५६ प्रतिशत रहेको छ । मध्यमानका आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम भएकाता पनि सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता सन्तुलनमा रहेको देखिन्छ ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन शीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालय गरी ५/५ वटा विद्यालयका १०/१० प्रतिनिधि छनोट गरी प्रतिशत र माध्यमानका आधारमा सामुदायिक र संस्थागत छुट्टाछुट्टै विश्लेषण गरिएको छ । त्यसै विश्लेषणबाट प्राप्त तथ्याङ्कलाई तुलनात्मक अध्ययन गरी निम्नानुसार देखाउन सकिन्छ :

### ५.३.१ प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन

प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरी तालिका ११ मा प्रस्तुत गरिएको छ :

तालिका ११

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशताङ्क तुलनात्मक अध्ययन

| विद्यालय प्रकृति | प्रतिशत | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| सामुदायिक | ४० प्रतिशतभन्दा तल | निम्न | ३० | ६० |
| | ४०-६० प्रतिशत | मध्यम | १९ | ३८ |
| | ६०-८० प्रतिशत | उत्तम | १ | २ |
| | ८० प्रतिशतभन्दा माथि | अतिउत्तम | ० | ० |
| संस्थागत | ४० प्रतिशतभन्दा तल | निम्न | २३ | ४६ |
| | ४०-६० प्रतिशत | मध्यम | २३ | ४६ |
| | ६०-८० प्रतिशत | उत्तम | ४ | ८ |
| | ८० प्रतिशतभन्दा माथि | अतिउत्तम | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको विश्लेषणका आधारमा निम्नस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या ३० जना अर्थात् ६० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेकाले सामुदायिक विद्यालका विद्यार्थीको घटनावर्णन लेखन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ । त्यस्तै मध्यस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या १९ जना अर्थात् ३८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत रहेको छ । यसमा संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा


सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता कमजोर रहेको देखिन्छ । संस्थागत विद्यलायमा अध्ययनरत विद्यार्थीको घटनावर्णन लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस्तै उत्तमस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या १ र प्रतिशत २ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या ४ र ८ प्रतिशत र रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस क्रममा अतिउत्तम अङ्क प्राप्त गर्ने सामुदायिक र संस्थागत दुवै विद्यालयको अङ्क र प्रतिशत शून्य प्रतिशत रहेको देखिन्छ ।

यसरी तथ्याङ्कलाई तुलनात्मक रूपमा हेर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ४ जनाले अर्थात् ८ प्रतिशतले बढी देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता बढी नै राम्रो देखिन्छ ।

प्रतिशताङ्कको आधारमा गरिएको सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक विश्लेषणलाई स्तम्भरेखाचित्र ७ मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशतका आधारमा तुलनात्मक अध्ययन**



विद्यार्थीको प्राप्ताङ्क आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाइएको छ । सामुदायिक विद्यालयमा ४० प्रतिशतभन्दा कम ६० प्रतिशत, ४० देखि ६० प्रतिशतसम्म ३८ प्रतिशत र ६० देखि ८० प्रतिशतसम्म २ प्रतिशत र ८० प्रतिशतभन्दा माथि शून्य प्रतिशत रहेको छ। संस्थागत विद्यालयमा ४० प्रतिशतभन्दा कम ४६ प्रतिशत ४० देखि ६० प्रतिशतसम्म पनि ४६ प्रतिशत, ६० देखि ८० प्रतिशतसम्म ४ प्रतिशत र ८० प्रतिशतभन्दा माथि शून्य प्रतिशत रहेको छ । प्रतिशताङ्कको आधारमा विद्यार्थीको घटनावर्णन लेखन क्षमता संस्थागत विद्यालयको राम्रो रहेको पाइन्छ ।

### ५.३.२ मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन

घटनावर्णन क्षमता अध्ययन अर्थात् सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरी गरिएको विश्लेषणलाई मध्यमानका आधारमा तुलनात्मक अध्ययन गरी तालिका १२ मा प्रस्तुत गरिएको छ :

तालिका १२

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमानका आधारमा तुलनात्मक अध्ययन**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ५९.४० | ३८.४० | २० | ४० | ३० | ६० |
| संस्थागत | ५० | | ४२ | २२ | ४४ | २८ | ५६ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।


माथि दिइएको तालिकाअनुसार विद्यालयका प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको घटनावर्णन लेखन क्षमताको तुलनात्मक स्थिति

देखाइएको छ । यसमा समग्र विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान ५९.४० रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ । त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीको प्राप्त गरेको प्राप्ताङ्कको आधारमा २८ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने संस्थागत विद्यालयका विद्यार्थीभन्दा सामुदायिक विद्यालयका विद्यार्थी ४ प्रतिशतले बढी छन् । त्यसैले तुलनात्मक रूपमा मध्यमानका आधारमा दुवै विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता राम्रो देखिन्छ ।

माथिको मध्यमानका आधारमा गरिएको विश्लेषणलाई निम्नानुसार स्तम्भरेखाचित्र ८ मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र ८**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमताको मध्यमानका आधारमा तुलनात्मक अध्ययन**




स्रोत: स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको प्राप्ताङ्कका आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन लेखन क्षमता प्रतिशताङ्क

सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाइएको छ । सामुदायिक विद्यालयमा मध्यमानका आधारमा मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेको छ । त्यस्तै गरी संस्थागत विद्यालयमा मध्यमानभन्दा माथि ४४ प्रतिशत र मध्यमानभन्दा तल ५६ प्रतिशत रहेको छ । मध्यमानका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता निम्न रहेको देखिन्छ । दुवै विद्यालयलाई तुलनात्मक रूपमा हेर्दा मध्यमानका आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता राम्रो देखिन्छ ।

अतः विद्यालयको प्रकृतिका आधारमा कक्षा सातमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गरी जनसाङ्ख्यिकीय विश्लेषण गरिएको छ । विद्यालयको प्रकृतिका आधारमा प्राप्त तथ्याङ्कलाई प्रतिशतका आधारमा र मध्यमानका आधारमा व्याख्या विश्लेषण गरी तुलनात्मक अध्ययन गरिएको छ । उक्त विश्लेषणलाई स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ । यस अध्ययनबाट सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने प्रतिशत ६० प्रतिशत र संस्थागततर्फ ५६ प्रतिशत रहेकाले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन लेखन क्षमता राम्रो रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षममतालाई तुलनात्मक रूपमा मध्यमानका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यायका विद्यार्थीको मध्यमानभन्दा माथि ४० र मध्यमानभन्दा तल ६० प्रतिशतले धेरै र संस्थागत विद्यालयका विद्यार्थीको मध्यमानभन्दा माथि ४४ र तल ५६ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ । यस अध्ययनमा प्रतिशतका आधारमा संस्थागत भन्दा सामुदायिक विद्यालयको घटनावर्णन लेखन क्षमता राम्रो रहेको निष्कर्ष प्राप्त भएको छ ।

# अध्याय छ

## लैङ्गिकताका आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन रहेको छ । प्रत्येक विद्यार्थीको अभिव्यक्ति र क्षमता फरक फरक किसिमको हुने गर्दछ । प्रत्येक विद्यार्थीको क्षमतालाई लैङ्गिकताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा होस या सकारात्मक नकारात्मक रूपमा प्रभाव पारि रहेको हुन्छ । प्रत्येक विद्यार्थीको क्षमतालाई प्रभाव पार्ने आधारको रूपमा लैङ्गिकतालाई पनि मुख्य आधारमा मान्न सकिन्छ । त्यसैले अध्याय छमा उद्देश्य ३ को आधारमा घटनावर्णन क्षमता अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन इलाम जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमता अध्ययन गर्न विद्यार्थीलाई छात्र छात्रामा विभाजन गरिएको छ । जसमा १०० जना विद्यार्थीमध्ये ५० छात्र र ५० छात्रा रहेका छन् । लैङ्गिकताका आधारमा विद्यार्थीको घटनावर्णन क्षमताको प्रतिशत र मध्यमानका आधारमा तालिकामा प्रस्तुत गरिएको छ । यसलाई स्तम्भरेखाचित्रमा समेत देखाइएको छ ।

### ६.१ छात्रको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका सामुदायिक र संस्थागत गरी १० ओटा विद्यालयका १०० जना विद्यार्थीलाई छनोट गरिएको छ । यस तथ्याङ्कको व्याख्या र विश्लेषण प्रतिशत र मध्यमानका आधारमा देखाई स्तम्भरेखाचित्रमा प्रस्तुत गरिएको छ । यसरी छनोटमा परेका इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत ५० जना छात्रको घटनावर्णन क्षमताको अध्ययन प्रतिशतका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

#### ६.१.१ प्रतिशतका आधारमा छात्रको घटनावर्णन क्षमताको अध्ययन

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा तालिका १३ मा प्रस्तुत गरिन्छ :

## तालिका १३

## प्रतिशतका आधारमा छात्रको घटनावर्णन क्षमता

| कुल विद्यार्थी सङ्ख्या | ४०% भन्दा कम | | ४०- ६०% | | ६०- ८०% | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३२ | ६४ | १२ | २४ | ६ | १२ | ० | ० |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाका आधारमा छात्रको घटनावर्णन लेखन क्षमताको समग्र विद्यार्थीको लेखन क्षमता वर्गीकरण गर्दा चार श्रेणीमा छुट्याइएको छ । छनोटमा परेका इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रको घटनावर्णन क्षमताको अध्ययन प्रतिशतका आधारमा यसअनुसार ४० भन्दा कम घटनावर्णन लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ३२ र प्रतिशत सङ्ख्या ६४ देखिन्छ । त्यसैगरी ४० देखि ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १२ र प्रतिशत सङ्ख्या २४ छ । ६० देखि ८० सम्मका घटनावर्णन लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ छ । त्यसैगरी ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य प्रतिशत रहेको छ । यसरी समग्र विद्यार्थीको घटनावर्णन क्षमतालाई हेर्दा सबैभन्दा धेरै ४० भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६४ प्रतिशत रहेको हुँदा विद्यार्थीको घटनावर्णन क्षमता निम्न स्तर रहेको देखिन्छ ।

समग्र विद्यार्थीको प्राप्ताङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । उक्त प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्र ९ मा देखाउन सकिन्छ :

स्तम्भरेखाचित्र ९

प्रतिशतका आधारमा छात्रको घटनावर्णन क्षमता




स्रोत : स्थलगत अधययन, २०७५ ।

माथिको चित्रमा जम्मा ५० जना छात्रको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ । यसमा ४० प्रतिशतभन्दा कम ३२ जना ४० देखि ६० प्रतिशतसम्म १२ जना त्यसैगरी ६० देखि ८० प्रतिशत ल्याउने ६ जना रहेको छ । ४० भन्दा कम प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले छात्रको घटनावर्णन क्षमता निम्न स्तरको रहेको छ ।

### ६.१.२ मध्यमानका आधारमा छात्रको घटनावर्णन क्षमताको अध्ययन

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययनलाई मध्यमानका आधारमा तालिका १४ र १५ मा प्रस्तुत गरिन्छ

तालिका १४

छात्रको घटनावर्णन क्षमताको मध्यमान

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | FM |
|---|---|---|---|
| २०-४० | २३ | ३० | ६९० |
| ४०-६० | २२ | ५० | ६०० |
| ६०-८० | ५ | ७० | ४२० |
| ८०-१०० | ० | ९० | ० |
| जम्मा | N = ५० | | ΣFM = १९०० |

स्रोतः स्थलगत अध्ययन, २०७५ ।

मध्यमान ( $\bar{x}$) = $\frac{\Sigma FM}{N}$

= $\frac{१९००}{५०}$

= ३९.६०

तालिका १५

मध्यमानका आधारमा छात्रको घटनावर्णन क्षमता

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३९.६० | ३३ | ६६ | १७ | ३४ |

स्रोत : स्थलगत अध्ययन २०७५ ।


माथिको तालिकाअनुसार इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रले घटनावर्णन क्षमतामा प्राप्त गरेका तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । माथि दिइएको

तालिकाअनुसार नमुना छनोटमा समेटिएका १०० जना विद्यार्थीमध्ये ५० जना छात्रको मध्यमान ३९.६० रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा ५० विद्यार्थीमा मध्यमानभन्दा माथि १७ जना र प्रतिशतका आधारमा ३४ छ। मध्यमानभन्दा तल ३३ जना र प्रतिशतका आधारमा ६६ छ। यसरी मध्यमानलाई हेर्ने होभने मध्यमानभन्दा धेरै अङ्क ल्याउने विद्यार्थी सङ्ख्या भन्दा मध्यमानभन्दा थोरै अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएको पाइन्छ । माथिको तथ्याङ्कको मध्यमानका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्या र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्यामा धेरै अन्तर भएकाले इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रको समग्र उपलब्धि र घटनावर्णन क्षमता निम्न रहेको देखिन्छ।

प्रस्तुत इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रको समग्र उपलब्धि र घटनावर्णन क्षमतालाई मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्र १० मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र १०**

**मध्यमानआधारमा छात्रको घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५

छात्रको घटनावर्णन क्षमताको मध्यमानका आधारमा गरिएको स्तम्भरेखाचित्रमा मध्यमानभन्दा माथि ३४ प्रतिशत र मध्यमानभन्दा तल ६६ प्रतिशत रहेको छ। मध्यमानका

आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्याभन्दा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३२ प्रतिशतले बढी रहेकाले छात्रको घटनावर्णन क्षमता निम्न स्तरको देखिन्छ ।

## ६.२ छात्राको घटनावर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका १० विद्यालयका ५ संस्थागत र ५ सामुदायिक विद्यालयका १०० जना विद्यार्थीमा घटनावर्णन क्षमता अध्ययनका लागि नमुनाका रूपमा छनोटमा परेका छन् । यसरी छनोटमा परेका इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत ५० जना छात्राको घटनावर्णन क्षमताको अध्ययन प्रतिशत र मध्यमानका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । छात्राको घटनावर्णन क्षमताको स्थितिलाई निम्नानुसार देखाइन्छ :

### ६.२.१ प्रतिशतका आधारमा छात्राको घटनावर्णन क्षमताको अध्ययन

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययनलाई प्रतिशतका आधारमा तालिका १६ मा प्रस्तुत गरिन्छ :

**तालिका १६**

**प्रतिशतका आधारमा छात्राको घटनावर्णन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ४०% भन्दा कम | | ४०- ६०% | | ६०- ८०% | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८ | ५६ | १६ | ३२ | ६ | १२ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।


प्रस्तुत तालिकाका आधारमा छनोटमा परेका इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्राको घटनावर्णन क्षमताको अध्ययन प्रतिशतका आधारमा यसअनुसार ४० भन्दा कम घटनावर्णन लेखन क्षमता भएका छात्रा सङ्ख्या २८ र प्रतिशत ५६ रहेको छ । त्यसैगरी ४० प्रतिशत देखि ६० प्रतिशत अङ्क ल्याउने १६ र प्रतिशत ३२ रहेको छ । ६०

देखि ८० प्रतिशत अङ्क ल्याउन सङ्ख्या ६ र प्रतिशत १२ रहेको छ । ८० भन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या शून्य प्रतिशत रहेको छ । यसरी समग्र विद्यार्थीको घटनावर्णन क्षमतालाई हेर्दा सबैभन्दा धेरै ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या रहेको हुँदा छात्राको घटनावर्णन लेखन क्षमता पनि निम्न रहेको देखिन्छ ।

समग्र विद्यार्थीको प्राप्ताङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । उक्त प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाउन सकिन्छ :

**स्तम्भरेखाचित्र ११**

**प्रतिशतका आधारमा छात्राको घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन , २०७५ ।,

माथिको चित्रमा जम्मा ५० जना छात्राको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ । यसमा ४० प्रतिभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या २८ र ४० देखि ६० प्रतिशत अङ्क ल्याउने १६ जना र ६० देखि ८० प्रतिशत अङ्क ल्याउने ६ जना तथा ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएकाले छात्राको घटनावर्णन क्षमता निम्न रहेको देखिन्छ ।

### ६.२.२ मध्यमानका आधारमा छात्राको घटना वर्णन क्षमताको अध्ययन

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्यनलाई मध्यमानका आधारमा तालिका १७ र १८ मा प्रस्तुत गरिन्छ :

**तालिका १७**

**छात्राको घटनावर्णन क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (F) | मध्यविन्दु (M) | FM |
|---|---|---|---|
| २०–४० | २८ | ३० | ८४० |
| ४०–६० | १६ | ५० | ८०० |
| ६०–८० | ६ | ७० | ४२० |
| ८०–१०० | ० | ९० | ० |
| जम्मा | N = ५० | | ΣFM = २०६० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

$$\text{मध्यमान } (\bar{x}) = \frac{\Sigma FM}{N}$$

$$= \frac{२०६०}{५०}$$

$$= ४१.२०$$

**तालिका १८**

**मध्यमानका आधारमा छात्राको घटनावर्णन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | ४१.२० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | | ३४ | ६८ | १६ | ३२ |


स्रोत: स्थलगत अध्ययन, २०७५ ।

माथिका तालिकाअनुसार इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्राले घटनावर्णन क्षमतामा प्राप्त गरेका तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । माथि दिइएको तालिकानुसार १०० जना विद्यार्थीमध्ये ५० जना छात्राको मध्यमान ४१.२० रहेको । माथि

दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा ५० विद्यार्थीमा मध्यमानभन्दा माथि १६ जना र प्रतिशत ३२ छ । मध्यमानभन्दा तल ३४ जना र प्रतिशतका आधारमा ६८ छ । यसरी मध्यमानभन्दा तल ३४ जना र प्रतिशत का आधारमा ६८ छ । यसरी मध्यमानलाई हेर्न हो भने मध्यमानभन्दा धेरै अङ्क ल्याउने विद्यार्थी सङ्ख्या भन्दा मध्यमानभन्दा थोरै अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम रहेको छ । माथिको तथ्थाङ्कको मध्यमानका आधारमा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्या भन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत सङ्ख्या ३२ प्रतिशत अन्तर भएकाले इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्राको समग्र उपलब्धि र घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ । प्रस्तुत इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीको समग्र उपलब्धि र घटनावर्णन क्षमतालाई मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्रमा प्रस्तुत गर्न सकिन्छ ।

**स्तम्भरेखाचित्र १२**

**मध्यमानका आधारमा छात्राको घटनावर्णन क्षमता**




छात्राको घटनावर्णन क्षमताको मध्यमानका आधारमा गरिएको स्तम्भरेखाचित्रमा मध्यमानभन्दा माथि ३२ प्रतिशत र मध्यमानभन्दा तल ६८ प्रतिशत रहेको छ । मध्यमानका आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या मध्यमानभन्दा तल अङ्क

ल्याउने विद्यार्थी सङ्ख्या भन्दा ३२ प्रतिशतले बढी भएकाले र मध्यमानका निकट रहेकाले छात्राको घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ ।

## ६.३ छात्र र छात्राको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमताको अध्ययन शीर्षकअन्तर्गत अध्याय छ मा लैङ्गिकताका आधारमा रहेको छ । यसमा ५ सामुदायिक र ५ संस्थागत विद्यालयका विद्यार्थी छन् । छात्र विद्यार्थी ५० र छात्रा ५० जनाको घटनावर्णन क्षमताको प्रतिशतका आधारमा तुलनात्मक स्थिति शीर्षकमा विद्यालयका विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरी गरिएको विश्लेषणलाई प्रतिशतका आधारमा तुलनात्मक अध्ययन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ :

### ६.३.१ प्रतिशतका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन

घटनावर्णन क्षमता अध्ययन शीर्षकमा विद्यालयका विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरी गरिएको विश्लेषणलाई प्रतिशतका आधारमा तुलनात्मक अध्ययन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १९

**समग्र छात्र र छात्राको घटनावर्णन क्षमताको प्रतिशताङ्क तुलना**

| लैङ्गिकताका आधारमा | प्रतिशत | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| छात्र | ४० प्रतिशतभन्दा तल | निम्न | ३२ | ६४ |
| | ४०-६० प्रतिशत | मध्यम | १२ | २४ |
| | ६०-८० प्रतिशत | उत्तम | ६ | १२ |
| | ८० प्रतिशतभन्दा माथि | अतिउत्तम | ० | ० |
| छात्रा | ४० प्रतिशतभन्दा तल | निम्न | २८ | ५६ |
| | ४०-६० प्रतिशत | मध्यम | १६ | ३२ |
| | ६०-८० प्रतिशत | उत्तम | ६ | १२ |
| | ८० प्रतिशतभन्दा माथि | अतिउत्तम | ० | ० |


स्रोत : स्थलगत अध्ययन २०७५ ।

माथिको तालिकामा छात्र र छात्राको घटनावर्णन क्षमताको तुलनात्मक स्थितिलाई केलाउँदा निम्नस्तरको अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ३२ जना अर्थात् ६४ प्रतिशत र छात्राको सङ्ख्या २८ जना अर्थात् ५६ प्रतिशत रहेकाले छात्राको घटनावर्णन लेखनको क्षमताको तुलनामा छात्रको घटनावर्णन क्षमता राम्रो देखिन्छ । त्यस्तै मध्यमस्तरको अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत र छात्राको सङ्ख्या १६ अर्थात् ३२ प्रतिशत छ । यसमा छात्रको तुलनामा छात्राको घटनावर्णन लेखन क्षमता राम्रो देखिन्छ । त्यस्तै उत्तमस्तरको अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या ६ अर्थात् १२ प्रतिशत र छात्राको पनि ६ जना अर्थात् १२ प्रतिशत रहेकाले छात्र, छात्रा दुवैको घटनावर्णन लेखन क्षमता राम्रो रहेको देखिन्छ । यस क्रममा अतिउत्तम अङ्क प्राप्त गर्ने छात्रा र छात्राको सङ्ख्या शून्य प्रतिशत रहेको छ । छात्रको घटनावर्णन लेखन क्षमता ४० प्रतिशतभन्दा कम ल्याउने ६४ प्रतिशत र छात्राको ५६ प्रतिशत भएकाले छात्र भन्दा छात्राको घटनावर्णन लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

प्रतिशताङ्कको आधारमा गरिएको छात्र र छात्राको घटनावर्णन लेखन क्षमतका तुलनात्मक विश्लेषणलाई स्तम्भरेखाचित्र १३ मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र १३**

**छात्र र छात्राको घटनावर्णन क्षमताको प्रतिशताङ्क तुलनात्मक अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको प्राप्ताङ्कका आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी छात्र र छात्राको घटनावर्णन लेखन क्षमता प्रतिशताङ्क सङ्ख्यालाई स्तम्भरेखाचित्रमा देखाइएको छ । छात्रको घटनावर्णन लेखन क्षमता ४० प्रतिशतभन्दा कम ६४ प्रतिशत, ४० देखि ६० प्रतिशतसम्म २४ प्रतिशत र ६० देखि ८० प्रतिशतसम्म १२ प्रतिशत, र ८० भन्दा माथि शून्य प्रतिशत रहेको छ । छात्राको घटनावर्णन लेखन क्षमता ४० प्रतिशतभन्दा कम ५६ प्रतिशत ४० देखि ६० प्रतिशतसम्म ३२ प्रतिशत, ६० देखि ८० प्रतिशतसम्म १२ प्रतिशत, ८० प्रतिशतभन्दा माथि शून्य प्रतिशत रहेको छ । प्रतिशताङ्कको आधारमा विद्यार्थीको घटनावर्णन लेखन क्षमता छात्र भन्दा छात्राको राम्रो रहेको पाइन्छ ।

### ६.३.२ मध्यमानका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमता तुलनात्मक अध्ययन

घटनावर्णन क्षमता अध्ययन शीर्षकमा विद्यालयका विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरी गरिएको विश्लेषणलाई मध्यमानका आधारमा तुलनात्मक अध्ययन गरी तालिका २० मा प्रस्तुत गरिएको छ ।

**तालिका २०**

**छात्र र छात्राको घटनावर्णन क्षमताका मध्यमानमा तुलनात्मक अध्ययन**

| लैङ्गिकताको आधारमा | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ४०.४० | ३९.६० | ३३ | ६६ | १७ | ३४ |
| छात्रा | ५० | | ४१.२० | ३८ | ६८ | १६ | ३२ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।


माथि दिइएका तालिकाअनुसार विद्यालयको लैङ्गिकताका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ । यसमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत ५ ओटा सामुदायिक र ५ ओटा सस्थागत गरी जम्मा १० ओटा विद्यालयका ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थी गरी जम्मा

१०० जना विद्यार्थी रहेका छन् । यसमा समग्र विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान ४०.४० रहेको छ । छात्रले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३९.६० छ र छात्राले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४१.२० छ । त्यस्तै छात्राले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३३ र प्रतिशतका आधारमा ६६ प्रतिशत छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना र प्रतिशतका आधारमा ३४ प्रतिशत छ । त्यस्तै गरी छात्राले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३८ र प्रतिशतका आधारमा ६८ प्रतिशत छ । मध्यमानभन्दा तल अङ्क ल्याउने छात्रभन्दा छात्रा विद्यार्थी र प्रतिशतले बढी छन् । मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र भन्दा छात्रा २ प्रतिशतले कम छन् । त्यसैले तुलनात्मक रूपमा मध्यमानका आधारमा लैङ्गिकताका आधारमा तुलना गर्दा छात्रको तुलनामा छात्राको घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको मध्यमानका आधारमा गरिएको विश्लेषणलाई स्तम्भरेखाचित्र १४ मा प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भरेखाचित्र १४**

**मध्यमानका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

विद्यार्थीको प्राप्ताङ्कका आधारमा प्राप्ताङ्कलाई चार श्रेणीमा विभाजन गरी लैङ्गिकताका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ। विद्यार्थीको घटनावर्णन लेखन क्षमता मध्यमानको स्थितिलाई स्तम्भरेखाचित्रमा राखिएको छ । छात्राको मध्यमानका आधारमा मध्यमानभन्दा माथि ६६ प्रतिशत छ । छात्राको मध्यमानका आधारमा मध्यमानभन्दा माथि ६८ प्रतिशत छ । मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र भन्दा छात्रा २ प्रतिशतले कम छन् । त्यसैले तुलनात्मक रूपमा मध्यमानका आधार लैङ्गिकताका आधारमा तुलना गर्दा छात्रको तुलनामा छात्राको घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ।

विद्यार्थीको लैङ्गिकताका आधारमा प्राप्त तथ्याङ्कलाई प्रतिशतका आधारमा र मध्यमानका आधारमा व्याख्या विश्लेषण गरी तुलनात्मक अध्ययन गरिएको छ । उक्त विश्लेषणलाई स्तम्भरेखाचित्र प्रस्तुत गरिएको छ। यस अध्ययनबाट प्रतिशतका आधारमा दुवै लैङ्गिकताका आधारमा छात्र र छात्राको घटनावर्णन लेखन क्षमता राम्रो देखिएको छ। तसर्थ मध्यमानका आधारमा छात्रभन्दा छात्राको घटनावर्णन लेखन क्षमता राम्रो देखिएको छ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमतामा केन्द्रित रहेको छ । यस शोधकार्यबाट तयार भएको शोधकार्यलाई सात अध्यायका विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकको शोध परिचय शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधकार्यको सीमाङ्कन तथा शोधपत्रको रूपरेखा उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमि शोध शीर्षकलाई चिनाउने क्रममा भाषा शिक्षणअन्तर्गत घटनावर्णन क्षमताको चिनारी दिइएका छन् । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप एक महत्त्वपूर्ण सीप हो । इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमतालाई विद्यालय प्रकृति, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई समस्या बनाई शोधलाई अघि बढाइएको छ । यसै समस्यासँग सम्बन्धित उक्त कक्षा सातका विद्यार्थीहरूको घटनावर्णन क्षमता पत्ता लगाउने र ती समस्याहरू समाधान गर्ने उद्देश्य राखिएको कुरा यस अध्ययमा उल्लेख गरिएको छ ।

यसरी अनुसन्धानको उद्देश्य प्राप्तिका लागि इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी १० वटा विद्यालय नमुनाका रूपमा छनोट गरी अनुसन्धान अगाडि बढाइएको छ । जसका प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले १०० जना विद्यर्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनको उद्देश्य पूरा गर्न र अध्ययनलाई प्रभावकारी बनाउन अध्ययनकर्ता स्वयम् प्रत्येक विद्यालयमा पुगी उक्त विद्यालयका शिक्षक, विद्यार्थीहरूको सहयोग लिएर यो अनुसन्धान सम्पन्न गरिएको छ । अध्ययनकर्ताले शोध निर्देशक, विषयशिक्षकको सहयोगमा तयार पारिएको दुईवटा नमुना प्रश्नपत्र बनाई १०० जना विद्यार्थीहरूलाई घटनावर्णन गर्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई शीर्षक शीर्षकको परिचय विषयवस्तुको ज्ञान, प्रस्तुति, मौलिकता, भाषिक शुद्धता र निष्कर्षका आधारमा मूल्याङ्कन गरिएको छ ।

यस अध्याय दुईको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा रहेको छ । यसमा पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरएको छ । त्यसै गरी सैद्धान्तिक अवधारणाअन्तर्गत घटनावर्णनको परिचय, परिभाषा भाषिक सीप र घटनावर्णनको सम्बन्ध, घटनावर्णनका पक्षहरू, प्रयोजन र महत्त्वलाई समावेश गरी विस्तृत रूपमा उल्लेख गरिएको छ ।

अध्याय तीनको शीर्षक शोध विधि र प्रक्रिया रहेको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत अध्ययन विधि जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट, पूर्वपरीक्षण तथ्याङ्क सङ्कलन, सामग्री सङ्कलनका प्राथमिक र द्वितीयक स्रोत, तथ्याङ्कको व्याख्या विश्लेषणलाई उल्लेख गरिएको छ ।

अध्याय चारको शीर्षकअन्तर्गत समग्र विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । समग्र रूपमा प्रतिशत, मध्यमान निकाली सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक रूपमा घटनावर्णन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय पाँचअन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गरिएको छ । त्यसैगरी मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमताको मध्यमानलाई प्रतिशतमा उल्लेख गरी विश्लेषण गरिएको छ । उक्त अध्ययनमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

अध्याय छअन्तर्गत लैङ्गिकताका आधारमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्यन गरिएको छ । यसअन्तर्गत छात्र छात्राहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । मध्यमानका आधारमा छात्र र छात्राहरूको घटनावर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त गरिएको अध्ययनमा छात्रको भन्दा छात्राहरूको घटनावर्णन क्षमता सन्तोषजनक रहेको पाइएको छ ।

अध्याय सातको शीर्षक सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । यस अध्ययनको सारांश अन्तर्गत सबै अध्यायमा भएका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधका उपयोगिताहरूलाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । अध्याय सातको अन्त्यमा परिशिष्ट खण्ड राखिएको छ । यसअन्तर्गत प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयहरूका नामावली जनसङ्ख्या छनोटमा परेका नाम र प्राप्ताङ्क सबैभन्दा राम्रो र सबैभन्दा नराम्रो उत्तर लेख्ने विद्यार्थीहरूको उत्तरपुस्तिकामा लेखेका उत्तरहरूलाई समावेश गरिएको छ । अन्त्यमा सन्दर्भसामग्री सूची र त्यसपछि परिशिष्ट दिइएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययनसम्बन्धी निम्नलिखित निष्कर्ष निकालिएको छ :

- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन गर्न दुईवटा नमुनाको रूपमा प्रश्नपत्र दिई विद्यार्थीहरूलाई घटनावर्णनलाई विभिन्न आधारमा मूल्याङ्कन गरिएको छ ।
- विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमान निकाली चार ओटा स्तरमा विभाजन गरिएको छ ।
- समग्रताका आधारमा मूल्याङ्कन गर्दा निम्न स्तरमा ५२ प्रतिशत र अतिउत्तम स्तरमा शून्य प्रतिशत रहेको पाइन्छ भने मध्यम स्तरमा ४३ प्रतिशत र उत्तम स्तरमा ५ प्रतिशत रहेको पाइन्छ भने निम्न स्तरमा धेरै विद्यार्थी रहेकाले घटनावर्णन क्षमता कमजोर रहेको देखिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता प्रतिशतका आधारमा निम्न स्तरमा ६० प्रतिशत विद्यार्थी रहेको पाइन्छ । यस आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता निम्नस्तरको रहेको छ ।
- संस्थागत विद्यलायका अध्ययनर विद्यार्थीहरूको घटनावर्णन क्षमता प्रतिशतमा हेर्दा निम्न स्तरमा ४६ प्रतिशत रहेको पाइन्छ भने मध्यम स्तरमा ४४ प्रतिशत रहेको छ भने उत्तम स्तरमा १० प्रतिशत र अति उत्तम स्तरमा

शून्य रहेको पाइन्छ । त्यसकारण इलाम जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

- विद्यालयको प्रकृतिका आधारमा दुईवटा विद्यालयलाई तुलना गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ३८.४० रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४२ रहेको छ । मध्यमानलाई हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रहरूको घटनावर्णन क्षमता निम्न स्तरमा ६४ प्रतिशत छ भने अतिउत्तम स्तरमा शून्य रहेको छ । मध्यमान ३९.६० रहेको छ । मध्यमानभन्दा माथि ३४ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ६६ प्रतिशत र मध्यमान तल ६६ प्रतिशत प्राप्ताङ्क मध्यमानभन्दा तल रहेकाले मध्यमानका आधारमा छात्रको घटनावर्णन क्षमता कमजोर रहेको छ ।

- छात्राहरूको घटनावर्णन क्षमता निम्न स्तरमा ५६ प्रतिशत रहेको छ भने अतिउत्तम स्तरमा शून्य रहेको पाइन्छ । मध्यम स्तरमा ३२ प्रतिशत छ भने उत्तम स्तरमा १२ प्रतिशत रहेको पाइन्छ । यसकारण प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको घटनावर्णन क्षमता राम्रो रेका छ । ४१.२० मध्यमान रहेकोमा मध्यमानभन्दा तल ६८ र मध्यमानभन्दा माथि ३२ रहेकाले मध्यमानका आधारमा छात्राहरूको घटनावर्णन क्षमता निम्न रहेको छ ।

- लैङ्गिकताका आधारमा छात्र र छात्राको घटनावर्णन क्षमता तुलना गर्दा छात्राको घटनावर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

- यसरी सम्पूर्ण आधारलाई मूल्याङ्कन गरेर हेर्दा इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको क्षमतामा एकरूपता नभएकाले शिक्षकले विद्यार्थीहरूको रुचि, इच्छा र उनीहरूको समस्या पहिचान गरी प्रशस्त अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

अनुसन्धान एक जटिल कार्य हो । प्रत्येक अनुसन्धानको आफ्नै प्रकारको महत्त्व तथा उपयोगिता रहेको हुन्छ । त्यसैगरी शिक्षक, विद्यार्थी अनुसन्धानकर्ता आदिलाई यो प्रतिवेदन उपयोगिता रहेको छ । इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

### ७.३.१ नीतिगत तह

यस अनुसन्धानको नीतिगत तहको उपयोगिता निम्नलिखित छन् :

- निम्न माध्यमिक तहको नेपाली विषयको उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र परिमार्जन गर्न
- निम्न माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रममा घटनावर्णनसम्बन्धी निश्चित पाठ्यभार र उपयुक्त क्रियाकलाप समावेश गर्न ।
- पाठ्यपुस्तकमा समावेश विषयवस्तुको मूल्याङ्कन गर्न,
- घटनावर्णनसम्बन्धी सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन,
- विद्यार्थीमा भाषिक अभिव्यक्तिका साथै पढाइ, लेखाइ सीपको विकास गर्न,
- विद्यार्थीको लेखाइमा शुद्धता, स्पष्टता, क्रमबद्धता र स्तरीयता ल्याउने क्षमताको विकास गर्न,
- भाषाविद्, पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माणलगायत नीति निर्माण गर्ने सम्पूर्ण निकायलाई नीति निर्माण गर्न उपयोगी रहेको छ ।
- यस अध्ययनले विद्यार्थीहरूको सिर्जनात्मक शैलीको विकास गर्न, भाषिक संरचनामा प्रयोग हुने लेख्य चिह्न वर्णविन्यास र विषयवस्तुको शुद्धता आदिलाई सहज ढङ्गले प्रयोग गर्न सहयोग गर्ने छ ।
- घटनावर्णनसम्बन्धी विद्यार्थीमा हुने कमीकमजोरी पत्ता लगाई सुझाव प्राप्त गर्न ।

### ७.३.२ प्रयोगगत तह

यस अनुसन्धानको प्रयोगगत तहको उपयोगिता निम्नलिखित रहेका छन् :

- प्रस्तुत अध्ययनले विद्यालय तहमा घटनावर्णन शिक्षण क्रियाकलापमा सुधार गर्नुपर्ने कुरामा सहयोग गर्नेछ ।
- घटनावर्णन शिक्षणका लागि शिक्षकले प्रभावकारी शिक्षण योजना निर्माण गर्न
- विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी शिक्षण गर्न
- विद्यार्थीका कमीकमजोरी पत्ता लगाइ शिक्षण गर्न
- घटनावर्णनको विधि र प्रक्रियाको स्पष्ट धारणा निर्माण गरी प्रभावकारी शिक्षण गर्न
- यस अध्ययनले विद्यार्थीहरूको लेखाइ सीपको विकास गर्न
- शिक्षक र विद्यार्थीहरूको भाषाको सिकाइ शिक्षणका क्रममा पृष्ठपोषण प्रदान गरी शिक्षण गर्न
- विद्यार्थीहरूलाई घटनावर्णन कार्यकलापमा सक्रिय गराई शिक्षण सिकाइ क्रियाकलापलाई रोचक र प्रभावकारी बनाउन
- शिक्षण सामग्रीको प्रयोग र निर्माण गर्ने कुरामा मार्ग निर्देश गर्न
- अन्य भाषिक सीपहरूको विकासका लागि उपयोगी हुने गर्दछ ।

### ७.३.३ शैक्षणिक प्रयोजन

शैक्षिक रूपमा कक्षाकोठा र पाठ्यपुस्तकबाट प्राप्त ज्ञानलाई परीक्षाका माध्यमबाट अभिव्यक्त गर्न सकिने त्यस्तो ज्ञान र अनुभवले निश्चित मार्ग प्राप्त गर्दछ । अभिव्यक्ति सीप विकासको कार्यकलापअन्तर्गत घटनावर्णन क्षमताको यस अध्ययनका प्रयोजन निम्नानुसार रहेका छन् :

- प्रस्तुत अध्ययनले विद्यालय तहमा घटनावर्णन लेखन सीप शिक्षण क्रियाकलापमा सुधार गर्न

- नेपाली भाषा शिक्षण गर्ने शिक्षक-शिक्षिकालाई भाषिक सचेतताका साथ प्रस्तुत हुन सचेत बनाउन
- शिक्षकलाई पेशागत रूपमा सक्षम बनाउन
- विद्यार्थीको स्तर, क्षमता आवश्यकताअनुसार विषयवस्तु शिक्षण विधि छनोट गर्न
- आधारभूत तहमा घटनावर्णन लेखन शिक्षणको महत्त्व शिक्षक शिक्षिका र सम्बन्धित विद्यालयका प्र.अ. लाई जानकारी गराउन
- विद्यार्थीहरूलाई स्मरण गराउनुपर्ने खालका अभ्यासात्मक कार्यकलापहरू गराई स्वतन्त्र रूपमा वर्णन गर्न सक्ने अभ्यास गराउन
- विद्यार्थीहरूले घटनावर्णन क्षमतामा गर्न सक्ने त्रुटिहरूको सम्बन्धमा सम्बन्धित विषय शिक्षकलाई समयमा जानकारी भई त्यस त्रुटिका निराकरणका उपाय खोज्न ।
- विद्यार्थीमा घटनावर्णन कार्यकलापको माध्यमबाट शब्द भण्डार क्षमताको वृद्धि गरी त्यसको प्रभावकारी उपयोग गर्न सक्ने क्षमताको विकास गराउन

## ७.४ सुझाव

इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधअध्ययनबाट प्राप्त शोध निष्कर्षका आधारमा घटनावर्णन क्षमताको विकास गराउन सम्बन्धित पक्ष, शिक्षक, अभिभावक, पाठ्यक्रमविद् विषय विशेषज्ञ लगायत सरोकारवाला सबै पक्षलाई निम्नानुसार सुझाब दिन सकिन्छ :

- नेपाली भाषा विषयप्रति अभिभावक तथा विद्यार्थीहरूमा भएको नकारात्मक धारणा हटाएर सकारात्मक धारणाको विकास गराउनु पर्छ ।
- भाषिक सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण सीप भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा अन्य सीपसँग लेखाइ सीपलाई बढी मात्रामा समावेश गर्नुपर्दछ ।
- घटनावर्णनसम्बन्धी शिक्षण गराउँदा शिक्षकले स्पष्ट निर्देशन दिनुपर्दछ ।

- अभिव्यक्ति सीपअन्तर्गत पर्ने घटनावर्णन विषयवस्तुको पाठ्यभार र अङ्कभारलाई आगामी दिनमा पाठ्यक्रमहरूमा बढाइनु पर्छ ।
- नेपाली भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको रुचि, इच्छा, आवश्यकता लगायत भाषिक पृष्ठभूमि सबै आधारलाई ध्यानमा राखेर पाठ्यपुस्तकको छनोट र स्तरण गर्नुपर्दछ ।
- कक्षामा घटनावर्णको शिक्षण गराउँदा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुपर्छ ।
- कक्षा व्यवस्थापनमा ध्यान दिई बालमैत्री वातावरण निर्माण गरी शिक्षकले शिक्षण गर्नुपर्दछ ।
- प्रत्येक विद्यालयमा नेपाली विषयको शिक्षक नियुक्त गर्दा नेपाली विषयमा नै विशिष्टीकरण गरेका शिक्षक नियुक्ति गर्नुपर्छ ।
- प्रत्येक विद्यालयमा पुस्तकालयको व्यवस्था गराउनु पर्छ ।
- विद्यालयमा समय समयमा सिर्जनात्मक लेखन प्रतियोगिताहरू गराउनु पर्छ ।
- कक्षा कार्यकलाप गराउँदा सक्षम विद्यार्थीहरूलाई 'मात्र सहभागी नगराई सक्षम र अक्षम सबैलाई सहभागी गराउनु पर्छ
- सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरूलाई सचेत गराई आफ्नो छोरा छोरीका पढाइमा जागरुक बनाउनु पर्छ ।
- संस्थागत विद्यालयमा शिक्षण गराउने तालिम अप्राप्त शिक्षकलाई तालिमको व्यवस्था गराउनुपर्छ ।
- कक्षामा अध्ययनरत विद्यार्थीहरूले घटनावर्णन क्षमताका क्रममा विशेष गरी भाषिक संयोजन, शुद्धता विषयवस्तुको सङ्गठन, मौलिकता, जस्ता पक्षमा त्रुटि गरेकाले यस्ता पक्षको बारेमा स्पष्ट जानकारी गराई पृष्ठपोषण गराउनु पर्छ
- घटनावर्णन क्षमतामा सबल बनाउन विद्यार्थीलाई प्रशस्त अभ्यास गराउनु पर्दछ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६२) *नेपाली भाषा शिक्षण* (सा.सं) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेसन प्रा.लि. ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषाशिक्षण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि ।

गौतम, देवीप्रसाद र अन्य (२०७१), *स्नातक नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, दुर्गाप्रसाद र दुङ्गेल, भोजराज (२०६४), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : एम.क. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

पुन, पुष्पा (२०७३), 'रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), *अनिवार्य नेपाली,* (पा.स), काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, भरत बहादुर (२०७३), 'कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको वस्तुवर्णन क्षमता', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, उर्वशी (२०७३), 'खोटाङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, जयकला (२०७३), 'ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, सुस्मिता (२०७३), 'इलाम जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामा, सिर्जना (२०७४), 'कक्षा दशमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमता', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* माठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपाल (२०७३), 'बाके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको घटनावर्णन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सोमै, देवका (२०७३), 'कपिलवस्तु जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## अध्ययनका लागि प्रयोग गरिएका विद्यालयको नामावली र विद्यार्थीहरूले घटनावर्णनका क्रममा उपलब्ध प्राप्ताङ्क

प्रस्तुत अध्ययनका निम्ति प्रयोगमा ल्याएका सामुदायिकतर्फका विद्यालयहरूको नामावली यसप्रकार राखिएको छ :

१. श्री पूर्णस्मारक माध्यमिक विद्यालय गोदक- १० इलाम

२. श्री नन्द माध्यमिक विद्यालय गोदक- १० इलाम

३. श्री पुण्यस्मारिका आधारभूत विद्यालय- सूर्योदय न.पा. ११ तीनघरे, इलाम

४. आदर्श माध्यमकि विद्यालय- इ.न.पा इलाम

५. श्री अमर माध्यमिक विद्यालय- इन.पा ५ बरबोटे

प्रस्तुत अध्ययनका निम्ति प्रयोगमा ल्याएका संस्थागततर्फका विद्यालयहरूका नामावली यसप्रकार राखिएको छ :

१. हरिहर मेमोरियल अङ्ग्रेजी स्कुल इ.न.पा. १० गोदक

२. इभरलेण्ड इन्टरनेशल एकेडेमी - सु.न.पा १० फिक्कल, इलाम

३. हेरिटेज नेशनल एकाडेमी - प्रा .लि. इलाम

४. श्री ज्योति विद्या मन्दिर- इलाम १

५. बरबोटे अङ्ग्रेजी बोर्डिङ स्कुल - इ .न.पा ५ बराबोटे

## परिशिष्ट (ख)

## अध्ययनमा सहभागी विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क सूची

**सामुदायिक विद्यालय**

**१. श्री पूर्णस्मारक माध्यमिक विद्यालय**

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | स्मृति राई | २० | ४० |
| २ | मौसम राई | २७ | ५४ |
| ३ | छिरिङ लाप्चा | ११ | २२ |
| ४ | अभिशेक तामाङ | १३ | २६ |
| ५ | वीबेस राई | १० | २० |
| ६ | विद्या श्रेष्ठ | १७ | ३४ |
| ७ | रक्षा राई | १४ | २८ |
| ८ | प्रनिश अधिकारी | २२ | ४४ |
| ९ | युनेश अधिकारी | १६ | ३२ |
| १० | निशा तामाङ | १२ | २४ |

**२. श्री नन्द माध्यमिक विद्यालय**

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | दीक्षा भट्टराई | ३० | ६० |
| २ | सन्ध्या राई | २७ | ५४ |
| ३ | विशाल राई | २२ | ४४ |
| ४ | निसान राई | २० | ४० |
| ५ | अबिनम तामाङ | १६ | ३२ |
| ६ | मान्यता भट्टराई | १३ | २६ |
| ७ | नलिना राई | २८ | ५६ |
| ८ | पूजा अधिकारी | १९ | ३८ |
| ९ | करुण शिवा | २३ | ४६ |
| १० | एलिज निरौला | २६ | ५२ |

## ३. श्री पुण्य स्मारिका आधारभूत विद्यालय

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | निकिता प्रधान | २२ | ४४ |
| २ | जेनी राई | १७ | ३४ |
| ३ | निशासन प्रधान | १८ | ३६ |
| ४ | युजन राई | ११ | २२ |
| ५ | विवेक प्रधान | २५ | ५० |
| ६ | निता नेपाल | २३ | ४६ |
| ७ | अस्मिता बयलकोटी | २५ | ५० |
| ८ | नलिना श्रेष्ठ | २४ | ४८ |
| ९ | आयुस राई | २२ | ४४ |
| १० | श्रेया राई | २४ | ४८ |

## ४. आदर्श माध्यमिक विद्यालय

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | सपना लामगादे | १२ | २४ |
| २ | रूपेन मगर | ११ | २२ |
| ३ | सुलोचना दाहाल | २० | ४० |
| ४ | एलिशा न्यौपाले | १० | २० |
| ५ | सन्देश राई | १० | २० |
| ६ | सुजन ओझा | ११ | २२ |
| ७ | पूर्ण थापा | १० | २० |
| ८ | सुगम राई | १० | २० |
| ९ | सिर्जना नेम्बाङ्ग | १६ | ३२ |
| १० | सुशिला तामाङ | १० | ३० |

## ५. श्री अमर माध्यमिक विद्यालय

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | स्वस्तिका राई | २० | ४० |
| २ | समीक्षा भण्डारी | २४ | ४८ |
| ३ | दिपक भट्टराई | १८ | ३६ |
| ४ | ममता राई | १२ | २४ |
| ५ | मनिष लिम्बू | १६ | ३२ |
| ६ | रन्जन श्रेष्ठ | १५ | ३० |
| ७ | मनिक सापकोटा | १४ | २८ |
| ८ | रोशन श्रेष्ठ | ११ | २२ |
| ९ | उपसना याक्खा | १६ | ३२ |
| १० | नोकिया गौतम | १६ | ३२ |

**संस्थागत विद्यालय**

## १. हरिहर मेमोरियल अङ्ग्रेजी स्कुल

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | रेजिना पाठक | ३० | ६० |
| २ | सुशान्त श्रेष्ठ | १७ | ३४ |
| ३ | कृष्ण घिमिरे | १८ | ३६ |
| ४ | सन्देश तामाङ | १७ | ३४ |
| ५ | साहिल राई | १५ | ३० |
| ६ | संगम राई | १७ | ३४ |
| ७ | कृतेश राई | १६ | ३२ |
| ८ | आशिका सुवेदी | २१ | ४२ |
| ९ | अनुजा राई | १८ | ३६ |
| १० | स्वस्तिका सुवेदी | २३ | ४६ |

## २. इभरलेण्ड इन्टरनेशनल एकेडेमी

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | प्रशंसा राई | २९ | ५८ |
| २ | कृति कट्टेल | २८ | ५६ |
| ३ | प्रसिका घिमिरे | २९ | ५८ |
| ४ | अभिषेक प्रधान | १६ | ३२ |
| ५ | निश्चल राना मगर | १५ | ३० |
| ६ | प्रवण राई | १९ | ३८ |
| ७ | जेनी राई | २६ | ५२ |
| ८ | एन्जल राई | ३० | ६० |
| ९ | केवल लामा | २४ | ४८ |
| १० | स्मृति थापा | ३० | ६० |

## ३. हेरिटेल नेशनल एकाडेमी प्रा.लि.

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | सन्सीला राई | २२ | ४४ |
| २ | सफलता अधिकारी | २७ | ५४ |
| ३ | कुसुम लिम्बू | २४ | ४८ |
| ४ | दृश्या कटुवाल | २३ | ४६ |
| ५ | निशान आचार्य | २२ | ४४ |
| ६ | डेजिला शेर्पा | २३ | ४६ |
| ७ | मिलन पौडेल | २० | ४० |
| ८ | हेमन्त दुलाल | २५ | ५० |
| ९ | देवराज पौडेल | १८ | ३६ |
| १० | रिदम नेपाल | १९ | ३८ |

## ४. श्री ज्योति विद्या मन्दिर

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | समीक्षा घिमिरे | २५ | ५० |
| २ | खड्ग गुरुङ | १६ | ३२ |
| ३ | सुजन लिम्बू | १३ | २६ |
| ४ | मनिसा लिम्बू | २५ | ५० |
| ५ | हरि लकान्द्री | २० | ४० |
| ६ | सरुजा कार्की | २१ | ४२ |
| ७ | इक्सा लिम्बू | १३ | २६ |
| ८ | सुम्निमा राई | १४ | २८ |
| ९ | सुबत राई | १५ | ३० |
| १० | सुशिल श्रेष्ठ | १६ | ३२ |

## ५. बरबोटे अङ्ग्रेजी बोर्डिङ स्कुल

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १ | समीक्षा तिवारी | २२ | ४४ |
| २ | सुवेक्षा चापागाई | २३ | ४६ |
| ३ | निश्चलता राई | २२ | ४४ |
| ४ | जुनु प्रसाई | २३ | ४६ |
| ५ | विशान लिम्बू | १४ | २८ |
| ६ | विमल राई | १६ | ३२ |
| ७ | सुरज राई | १४ | २८ |
| ८ | मनिका दुंगाना | १० | २० |
| ९ | आयुष राई | २० | ४० |
| १० | सुवास खत्री | १७ | ३४ |

# व्यक्तिवृत्त



नाम : दुर्गादेवी ढुंगाना

जन्ममिति : २०४७/०३/१२

ठेगाना : गोदक-९, इलाम

बुवाको नाम : पूर्णप्रसाद ढुंगाना

आमाको नाम : मात्रिका ढुंगाना

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४४६४७०९८

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री पूर्ण स्मारक मा.वि., इलाम | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | शान्ति निकेतन उच्च मा.वि., कोलबुङ्ग, इलाम | २०६८ | पास |
| स्नातक तह (बी.एड.) | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २०७२ | पास |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |